मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति'को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २७९ | २०८० साल भदौ ०२ गते शनिबार | Saturday 19, August 2023 | सूर्योदयः बिहान ५:३८ बजे | सूर्यास्तः साँझ ६:३९ बजे | पृष्ठ ४+४ | मूल्य रु. ५/-

## देशको आर्थिक अवस्था सुधारोन्मुख

- पहिलो महिना सरकारलाई ८४ अर्ब ८१ करोड रुपैयाँ आम्दानी
- राजस्वमार्फत ७५ अर्ब ५५ करोड रुपैयाँ संकलन
- मौद्रिक नीतिको लक्ष्य भन्दा बढी विदेशी मुद्रा सञ्चित
- रेमिट्यान्स वृद्धि, श्रम स्वीकृति लिने ४ लाख ९७ हजार ७ सय ४




**मधेशदृष्टि**
**वीरगंज ।**
आर्थिक वर्ष २०८०/८१ को पहिलो महिना साउन सकिएको छ । संघीय सरकारको पहिलो महिनाको आम्दानी ८४ अर्ब ८१ करोड रुपैयाँ भएको छ । पहिलो महिना सकिँदा सरकारले राजस्वमार्फत ७५ अर्ब ५५ करोड रुपैयाँ संकलन गरेको छ । चालू आर्थिक वर्षको राजस्वको लक्ष्य १४ खर्ब २२ अर्ब रुपैयाँ छ भने सरकारले १७ खर्ब ५१ खर्बको खर्च लक्ष्य प्रस्तुत गरेको छ ।

सरकारले चालु आर्थिक वर्षको पहिलो महिनामा ३४ अर्ब ३६ करोड रुपैयाँ खर्च गरेको छ । त्यसमा चालूतर्फको खर्च ११ अर्ब ५१ करोड रुपैयाँ छ भने पुँजीगततर्फ सरकारले ७७ करोड ९१ लाख रुपैयाँ खर्चेको छ । वित्तीय व्यवस्थापनमा भने सरकारले २२ अर्ब रुपैयाँ खर्चेको छ ।

सरकारले राजस्व लक्ष्यभन्दा बढी खर्च लक्ष्य प्रस्तुत गरेको छ । त्यसकारण गतवर्ष जस्तै यो वर्ष पनि सरकारलाई खर्च व्यवस्थापनमा चाप पर्ने अर्थविद्को भनाइ छ । चालु आर्थिक वर्षका लागि सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । जसमध्ये चालुतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड रुपैयाँ, पुँजीगततर्फ ३ खर्ब २ अर्ब ७ करोड र वित्तीय व्यवस्थापनतर्फ ३ खर्ब ७ अर्ब ४५ करोड रुपैयाँ विनियोजन गरेको छ ।

यस्तै, प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ खर्ब ८ करोड रुपैयाँ छ । चालु आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको स्रोत राजस्व परिचालनबाट १२ खर्ब ४८ अर्ब ६२ करोड रुपैयाँ छ ।

वैदेशिक अनुदानबाट ४९ अर्ब ९४ करोड व्यहोर्दा ४ खर्ब ५२ अर्ब ७५ करोड रुपैयाँ न्युन हुने भएको छ । न्युनता पूर्ति गर्न वैदेशिक ऋणबाट २ खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ जुटाइने बताइएको छ ।

राजस्व परिचालन र वैदेशिक अनुदान तथा ऋण सहायता परिचालन गर्दा नपुग हुने खुद २ खर्ब ४० अर्ब आन्तरिक ऋणबाट व्यहोरिने भएको छ ।

### १० महिना आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चित

गत आर्थिक वर्षको अन्तिममा आउँदा १० महिनाको वस्तु तथा सेवा आयात धान्ने पुग्ने विदेशी मुद्रा सञ्चित भएको छ । मौद्रिक नीतिले ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चित राख्ने लक्ष्य लिएको थियो ।

नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक तथा वित्तीय अवस्थाको प्रतिवेदन अनुसार मौद्रिक नीतिको लक्ष्य भन्दा बढी विदेशी मुद्रा सञ्चित भएको हो । आर्थिक वर्षको सुरुमा आयातमा कडाइ र त्यसपछि आर्थिक गतिविधि कमजोर हुँदा आयातमा भएको संकुचनले मौद्रिक नीतिको लक्ष्यभन्दा धेरै विदेशी मुद्रा सञ्चित भएको हो ।

२०७९ असार मसान्तमा १२ खर्ब १५ अर्ब ८० करोड रुपैयाँ बराबरको विदेशी मुद्रा सञ्चित रहेकोमा २०८० असार मसान्तमा आउँदा २६ दशमलब ६ प्रतिशतले बढेर १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ पुगेको छ । १३ खर्ब ४५ अर्ब ७८ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा नेपाल राष्ट्र बैंकसँग र १ खर्ब ९३ अर्ब ५९ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा अन्य बैंक तथा वित्तीय संस्थासँग छ । २०८० असार मसान्तको कुल विदेशी मुद्रा सञ्चितीमा भारतीय मुद्राको अंश २२ दशमलब ५ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

### रेमिट्यान्समा वृद्धि

गतवर्ष रेमिट्यान्स आप्रवाह १२ खर्ब २० अर्ब रुपैयाँ नाघेको छ । राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको गत वर्षको तथ्यांकअनुसार रेमिट्यान्स आप्रवाह आर्थिक वर्ष २०७८/७९ मा भन्दा २१ दशमलब २ प्रतिशतले बढेर १२ खर्ब २० अर्ब ५६ करोड रुपैयाँ नाघेको हो । केन्द्रीय बैंकका अनुसार अघिल्लो वर्ष रेमिट्यान्स ४ दशमलब ८ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) लिने नेपालीको संख्या ४० दशमलब ३ प्रतिशतले वृद्धि भई ४ लाख ९७ हजार ७ सय ४ पुगेको छ ।

### सरकार महंगी नियन्त्रणमा असफल

केन्द्रीय बैंकले सार्वजनिक गरेको १२ महिनाको तथ्यांकका आधारमा सरकार महंगी नियन्त्रणमा असफल देखिएको छ । वैदेशिक सम्पत्ति र दायित्व घाटामा छ । गत आर्थिक वर्ष मुलुकले ८ प्रतिशत नजिकको महंगीको सामना गरेको छ । तथ्यांक अनुसार वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७ दशमलब ७४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६ दशमलब ३२ प्रतिशत रहेको थियो । महंगी सात प्रतिशतमा सीमित राख्ने गरी बजेटले लिएको लक्ष्य असफल भएको छ ।

### वैदेशिक सम्पत्ति र दायित्व करिब ७५ अर्ब घाटा

२०८० असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति १६ खर्ब ५४ अर्ब ५० करोड तथा दायित्व १७ खर्ब २९ अर्ब ३९ करोड रहेको छ । फलस्वरुप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति ७४ अर्ब ९० करोडले घाटामा रहेको छ ।

### राष्ट्र बैंकमा सरकारको ७१ अर्ब नगद

२०८० असार मसान्तमा केन्द्रीय बैंकमा रहेका सरकारका विभिन्न खातामा ७१ अर्ब ९८ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ ।

### पाँच प्रतिशतले घट्यो व्यापार घाटा

आर्थिक वर्ष २०७९/८० मा मुलुकको वैदेशिक व्यापार घाटा १५ दशमलव पाँच प्रतिशतले घटेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो विवरणानुसार अघिल्लो आवको तुलनमा गत आवमा व्यापार घाटा १५ दशमलव पाँच प्रतिशतले घटेर १४ खर्ब ५४ अर्ब ५९ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो आवमा यस्तो घाटा २३ दशमलव शून्य प्रतिशतले बढेको थियो ।

राष्ट्र बैंकका अनुसार गत आवमा भारततर्फ भएको निर्यात ३१ दशमलव तीन प्रतिशतले घटेको र चीन तथा अन्य मुलुकतर्फको निर्यात क्रमशः ११८ दशमलव तीन प्रतिशत र १० दशमलव सात प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा जिङ्क सिट, पार्टिकल बोर्ड, अलैँची, ऊनी गलैँचा, पोलिस्टर धागोलगायतका वस्तुको निर्यात बढेको तथा सोयाबिन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुन चाँदीका सामान तथा गरगहनालगायतका वस्तुको निर्यात घटेको छ ।

### तीन खर्बले बचत

आर्थिक वर्ष २०७९/८० मा चालु खाता ७२ अर्ब १६ करोड रुपैयाँले घाटामा रहेको देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत आव नेपालले पाँच अर्ब ९६ करोड रुपैयाँ बराबर मात्रै खुद प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएको देखिएको छ ।

गत आवमा शोधनान्तर स्थिति दुई खर्ब ९० अर्ब ५२ करोड रुपैयाँले बचतमा छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति दुई खर्ब ५५ अर्ब २६ करोड रुपैयाँले घाटामा थियो । २०७९ असार मसान्तमा १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २६ दशमलव ६ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ पुगेको राष्ट्र बैंकले जनाएको छ ।

## आधुनिक जनकपुरको जग बसाउने दानवीर साहको निधन

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
आधुनिक जनकपुरधाम निर्माणमा प्रमुख योगदान दिएका दानवीर रामचन्द्र साहको निधन भएको छ । रामस्वरुप रामसागर क्याम्पस र सरस्वती उच्च माविका स्थापनाककर्तामध्येका एक वरिष्ठ समाजसेवी दानवीर साहको ९५ वर्षको उमेरमा शुक्रबार बिहान निधन भएको हो ।
जनकपुरधामको निर्माण, संस्थापना, शिक्षा र स्वास्थ्य क्षेत्रको पूर्वाधार विकासमा जग्गा, जिन्सी र नगदसहित अर्बौंको सम्पत्ति हासिहासी दान गर्ने दानवीर रामसागर रामस्वरुप परिवारका जयेष्ठ सदस्य साहको निधन भएको हो ।

विसं. १९८५ रामनवमीका दिन जन्मेका साह जनकपुरधामको राराब क्याम्पसमा ७५ बिघा जग्गा दान र सुरुवाती सम्पूर्ण संरचना निर्माण गरी जनकपुरधाम क्षेत्रमा शिक्षाको क्रान्ति नै ल्याएका थिए । उनको शिक्षामा योगदानमध्येमा सरस्वती उच्चमाविको सम्पूर्ण जग्गा दान, कन्या उच्चमाविको सम्पूर्ण जग्गा दान, मुजेलियास्थित उच्चमाविको जग्गादान पनि महत्वपूर्ण छ । त्यसैगरी, साहले मठमन्दिर निर्माणदेखि समाजका लागि केही गरेर जाने सोचका साथ धार्मिक क्षेत्रमा पनि उत्तिकै योगदान दिएका छन् । जनकपुरधामको शिवचोकस्थित



शिव मन्दिर निर्माण, गंगासागरघाट धर्मशाला निर्माण, जटहीमा पुल र मन्दिर निर्माण, मुजेलियामा धर्मशाला र मन्दिर निर्माण, रत्नसागर मन्दिर निर्माण, तुल्सी स्मारक निर्माण, महिनाथपुर संस्कृत महाविद्यालय निर्माण, धनुषाको कुशमाहा सतोषरस्थित मन्दिर निर्माण, बेङ्गाडाबरमा साढे चार बिघा जग्गामा विद्यालय र शौचालय निर्माणलगायतका महत्वपूर्ण योगदानले उनलाई मिथिला समाजले सधैँ स्मरण गरिरहनेछ ।

यति मात्र होइन, यसका साथै यस क्षेत्रको कुशमाहा, गम्हरिया, पर्सा, बगरासहितका ठाउँमा अहिलेसम्म ३ सय ४२ बिघा जग्गा दान गरी समाजका लागि शिक्षाका मन्दिर, धर्मशाला, धार्मिक मठमन्दिर स्थापना गरेको ट्रष्टको सञ्चालक, उपसभापति र सभापति हुँदै ४२ वर्ष देखि परिवारको ज्येष्ठ सदस्यका रुपमा नेतृत्व गर्दै आएका साह समाजलाई सदाका लागि छाडेर गएका छन् ।

दानवीर रामस्वरूप, रामरामसागर साहको परिवारका सदस्य रामचन्द्रको बिहीबार राति मिल्स एरियास्थित निवासमा निधन भएको हो । उनको रत्नसागरस्थित पैतृक श्मशानस्थलमा अन्तिम संस्कार गरिएको छ । जेठा छोरा ताराचन्द्रले आगो प्रज्वलन गरेका थिए । वाणिज्यमा स्नातकोत्तर र एलएलबी गरेका रामचन्द्र आफ्नो सादा जीवन र उच्च सोचका लागि परिचित थिए । रामचन्द्र साह

*बाँकी पृष्ठ २ मा*

## उच्चस्तरीय आयोग गठन गरे गतिरोध अन्त्यः पोखरेल



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले सुन तस्करी प्रकरणलगायतका भ्रष्टाचारमा छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्न सरकार तयार भए सदनको गतिरोध अन्त्य हुने बताएका छन् ।
प्रेस चौतारी पर्साले शुक्रबार गरेको पत्रकार सम्मेलनमा महासचिव पोखरेलले सुन तस्करी प्रकरणलगायतका विषयमा छानबिनका लागि आयोग गठन गर्न सत्तापक्ष तयार नहुँदा सदनको अवरुद्ध जारी रहेको बताए ।
सरकार उच्चस्तरीय छानबिन आयोग बनाउन तयार नभएको बताउँदै पोखरेलले आफूहरूले उठाएका माग सम्बोधन गर्न तयार भए संसद् सञ्चालन हुने बताए ।
उनले राज्यका सुरक्षा निकायप्रति आफूहरूको कुनै आशङ्का नरहेको उल्लेख गगर्दै सुन तस्करी प्रकरणमा सत्तापक्षकै कतिपय ठूला नेता मुछिएकाले घटनाको स्वच्छ र निष्पक्ष छानबिन हुनेमा आशङ्का उब्जिएकाले उच्चस्तरीय छानबिन आयोग गठन गर्न माग गरिएको बताए ।
उनले नेकपा एमाले 'मिसन २०८४' अभियान सञ्चालन गरी बलियो राजनीतिक शक्ति निर्माणमा अघि बढेको बताए ।
पत्रकार सम्मेलनमा एमाले सचिव तथा मधेश प्रदेश इञ्चार्ज योगेश भट्टराई, एमाले नेत्री तथा पूर्वमन्त्री ज्वालाकुमारी साहलगायतको उपस्थिति थियो ।
कार्यक्रममा महासचिव पोखरेलले गरेको सम्बोधन यस्तो थियोः

*बाँकी पृष्ठ २ मा*




**वैभव** भित्र



- भविष्य भेट्ने आशामा विलुप्त खण्डहरहरु
- अबोध बालबालिका र बालश्रमको बाध्यता
- राजनीतिमा होइन, अध्यात्ममा छ समाधान
- नेपालमा मुस्लिम सभ्यताको विकास

लगायतका सामग्री पृष्ठ क, ख, ग र घ पढ्नुहोस् ।

# पैसा लिएर ह्वाट्स एपमा प्रश्नपत्र




**मधेशदृष्टि**
**वीरगंज ।**
त्रिभुवन विश्वविद्यालयको परीक्षामा रकम लिएर विद्यार्थीलाई पास गराउने काममा ह्वाट्स एपममा प्रश्नपत्र आउट गरेको पाइएको छ । शुक्रबारको बिबिएस दोस्रो वर्षको लेखा विषयको परीक्षामा वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसका परीक्षार्थीबाट रकम लिएर प्रश्नपत्र आउट गरिएको पाइएको हो । ह्वाट्स एपमा प्रश्नपत्र पठाइएको पाइएको हो ।

यसअघि बुधबार ठाकुरराम क्याम्पसकै विद्यार्थीलाई परीक्षामा उत्तीर्ण गराउन उत्तरपुस्तिका (कापी) नै हेरफेर गर्दै गरेको अवस्थामा प्रहरीले क्याम्पसका परीक्षा शाखाका पूर्व प्रमुख मोहन यादव र परिक्षा केन्द्रका केन्द्राध्यक्ष विनोद स्वर्णकारलाई रंगेहात पक्राउ गरेको थियो ।

शुक्रबार तेस्रो दिनको परीक्षामा मोबाइलको ह्वाट्सअप ग्रुपमा आएको उत्तर लेखिरहेका परीक्षार्थीबाट १ सय ५० वटा मोबाइल प्रहरीले नियन्त्रणमा लिएको छ । ठाकुरराम बहुमुखी क्याम्पसको बिबिएस दोस्रो वर्षको परीक्षा बुधबारदेखि वीरगंजस्थित त्रिजुद्ध माविमा चलिरहेको छ ।

प्रहरीले बारा, कलैया उपमहानगरपालिका–११ का ठाकुरराम क्याम्पसकै परीक्षार्थी सिद्धार्थ चौधरीलाई नियन्त्रणमा लिएको छ । यसअघि बुधबार त्रिजुद्ध मावि परीक्षा केन्द्रबाटै पक्राउ परेका ठाकुरराम क्याम्पसका परीक्षा शाखाका पूर्व प्रमुख यादव र परीक्षा केन्द्रका केन्द्राध्यक्ष स्वर्णकारविरुद्ध शिक्षा ऐन–२०२८ को दफा १७ अनुसार मुद्दा दर्ता गरी कारबाही प्रकृया अगाडि बढाइएको छ ।

# आधुनिक जनकपुरको जग बसाउने......

राजतन्त्रकालमा राज्यपरिषद सदस्य बनेका थिए । राजसंस्थाले उनलाई सम्मानित पदवी दिएको थियो । उनका जेठा छोरा ताराचन्द्र  अविवाहित छन् । माइला छोरा इञ्जिनियर प्रकाशचन्द्र जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष हुन् भने धेरै संघसंस्थामा आवद्ध छन् । कान्छा छोरा सुभाषचन्द्र नेपाल दूरसञ्चार संस्थानमा निर्देशकबाट अवकाशप्राप्त हुन् । उनको निधनमा पूर्वराष्ट्रपति डा. रामवरण यादव, पूर्वउपप्रधानमन्त्री तथा सांसद रघुवीर महासेठ, पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतो, पूर्वमन्त्री तथा सांसद जुली महतो, मधेश प्रदेशका पूर्व गृह तथा सञ्चारमन्त्री एवम् सांसद भरत साह, पूर्व सांसद् परमेश्र साह, प्रदेश सांसद दीपेन्द्र ठाकुर, भाजपाका वरिष्ठ नेता तथा खजौलीका विधायक अरुण शंकर प्रसादले शोक व्यक्त गरेका छन् । शुक्रबार भएको अन्तेष्टिमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, औरही गाउँपालिकाका अध्यक्ष उमाशंकर साह, निवर्तमान नगरप्रमुख लालकिशोर साह, उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, पूर्वअध्यक्ष निर्मल चौधरी,  शिवशंकर साह हिरा, जनकपुरधाम उद्योग वाणिज्य संघका उपाध्यक्ष अम्बुप्रसाद शाह, तेली कल्याण समाज नेपालका सल्लाहकार जगदीश साह,  नेपाल हिन्दू स्वयंसेवक संघका धनुषा अध्यक्ष पवन ठाकुर, पूर्व मेसु डा. लखनलाल साह, जनजाति कल्याण छात्राबासका अध्यक्ष कृष्णकुमार दीक्षित, शिवदयाल साह, शिवशंकर साहलगायतको उपस्थिति थियो ।
शुक्रबार नै मधेश प्रदेश सरकार मुख्यमन्त्री सरोज कुमार यादवले शोक विज्ञप्ति जारी गरी साहको निधनले मधेशले एक सच्चा समाजसेवी र उत्प्रेरक गुमाएको बताएका छन् । यादवले भनेका छन्, ‘शिक्षा, स्वास्थ्य, पूर्वाधारका क्षेत्रमा जग्गा, जिन्सी र नगद गरी अर्बौं रुपैयाँबराबरको सम्पत्ति सहर्ष समाजलाई दान गर्ने दानवीर रामचन्द्र साहको निधनले मर्माहत तुल्याएको छ ।’

# उच्चस्तरीय आयोग गठन...............

वीरगंज नेपालको आर्थिक केन्द्रका रुपमा चिनिन्छ । तर आज गठबन्धन सरकारका कारण वैधानिक अर्थतन्त्र कमजोर हुने अवैधानिक र तस्करी अर्थतन्त्र प्रोत्साहित हुने भइरहेको । अन्यन्त दुःखद् अवस्था उत्पन्न भएको छ कि मेहनती व्यवसायी र उद्यमी संकटमा छन् । आत्महत्या गर्ने अवस्था छ तर सरकारका लागि चिन्ताको विषय बन्ने गरेको छैन । आर्थिकरुपमा मन्दीको अवस्था छ । पछिल्लो समय सुनतस्करी प्रकरणलाई कोट्याए र हेर्ने हो भने दुई महिनामा एउटा नक्कली कम्पनी खडा गरी झन्डै दुई हजार केजी भन्दा बढी सुन नेपालमा अवैध तरिकाले भित्र्याइएको देखिएको छ । यसले स्वाभाविकरुपमा करिब एकअर्ब रुपैयाँ राजस्व हिनामिना गरेको देखिएको छ । यो हेर्दा के बुझिन्छ भने वैधानिक कारोबार ठप्प तर अवैधानिक कारोबारलाई प्रोत्साहन छ ।

**युवा विदेश पलायन**

करिब सात लाख ७२ हजार युवा विदेश गएका छन् । पढ्ने सिलसिलामा डेढ लाख बाहिरिए । करिब ९ लाख नेपाली विदेशिएका छन् । व्यापार, व्यवसाय बन्द हुन थाले । यसले के चित्र देखाउँछ भने जतिबेला नेकपा एमाले सरकारमा रहन्छ त्यतिबेला विदेश जानेको संख्या घट्छ । जतिबेला सरकारबाट बाहिरिन्छ, निरास भएका युवा विदेश जान बाध्य हुन्छन् । नेकपा एमालेको सरकारमाथि युवाको विश्वास छ । एमालेले देश र युवाका लागि केही गर्छ भन्ने विश्वास छ ।

आमजनता महंगीको मारमा छन् । उद्योगी व्यवसायी वित्तीय संकटमा परेका छन् र त्यही अवधिका सत्ता निकट रहने केही व्यापारी असाधारण आर्यआजनमा सफल छन् । एउटा विदेशी पत्रिकाले एक जना नेपालीको सम्पत्ति एक वर्षमा ४० अर्ब रुपैयाँ भन्दा बढी वृद्धि भएको रिपोर्ट सार्वजनिक गरेको छ । यसले के बताउँछ भने अहिलेको गठबन्धन सरकार सीमित स्वार्थी तत्वको पृष्ठपोषकका रुपमा छ । व्यापारी, व्यवसायी र जनताको हितको पक्षको प्रतिनिधित्व गर्न सक्दैन भन्ने ठानेको छु ।

जसरी सरकारले एकप्रकारले प्रतिपक्षमाथि नियोजितरुपमा घेराबन्दी र आक्रमण, कमजोरी लुकाउन अरुलाई आरोपति गर्ने चालबाजी अगाडि बढाइरहेको छ । हामीले के भनिरहेका छौँ भने भ्रष्टाचारजन्य प्रकरण छानबिन, निष्पक्ष न्यायिक छानबिन गर्न कमिटी गरौँ । सुन तस्करी प्रकरणलाई गहिराइमा पुर्याउन न्यायिक छानबीन गरौँ । तर सरकार त्यसका लागि तयार छैन । ऊ संसदमा जनताको आवाज उठाउने ठाउँमा पनि रोक्न कोसिस गर्दछ । सत्तापक्षले गल्ती नगरेको भए त्यसप्रकारको हरकत गर्नु पर्ने आवश्यकता थिएन ।

भ्रष्टाचारविरुद्ध कुनै प्रकारको सम्झौता गर्दिनँ भन्ने प्रधानमन्त्री र गृहमन्त्रीहरु जब आफ्ना पार्टीका नेता भ्रष्टाचारजन्य क्रियाकलापमा जोडिएका तथ्य बाहिर आउँछन् र एकजना सुन तस्करीको नेतृत्वकर्तासँगका माओवादी नेताको फोन सम्वाद अस्वाभाविक झन्डै झन्ड दुई सय ३४ पटक फोन सम्पर्क भएको तथ्य सार्वजनिक हुन्छ । त्यसलाई सामान्यीकरण गरिन्छ र भनिन्छ, ‘फोन सम्पर्ककै आधारमा कोही दोषी हुँदैन ।’ सुन तस्करीमा समातिएका चिनियाँ व्यापारीसँग २ सय ३४ पटक फोन सम्पर्क गर्नु पर्ने के महत्वको विषय थियो होला ? तपाईंहरु आफैँ अनुमान गर्नसक्नु हुनेछ । तपाईंहरु आफनो घनिष्टसँग पनि छोटो समयमा त्यतिचोटि फोन सम्पर्क गर्नु हुँदैन । परिवारकै सदस्यबीच त्यतिधेरै फोन सम्पर्क हुँदैन होला । जति फोन सुन तस्कर र माओवादीका नेताहरुबीच भएको छ । तर उनीहरु फोनकै आधारमा दोषी भन्न मिल्दैन भनेर तर्क गर्दछन् । तर जनतामा भ्रम सृजना गर्न हामी भ्रष्टाचारविरुद्ध  अभियानमा छौँ भनेर बडा फूर्ति लगाउने गर्दछन् । एकप्रकारले भन्नुपर्दा यो राष्ट्रलाई नेतृत्व गर्न असफल भएकाहरु हुन् । मुलुकलाई दलाल, नोकरशाह र तस्करीतन्त्रलाई प्रवद्र्धन गर्नेहरुले त्यो चिजमा जनताले खबरदारी गर्छन् कि भन्ने अर्थमा कथित भ्रष्टाचारको मुद्दा उठाएर जनताको ध्यान डाइभर्ट गर्न खोजिरहेको ठान्दछु । हाम्रो पार्टी भ्रष्टाचारविरुद्ध सबै मामिलामा निष्पक्ष छानबिन हुनु पर्छ भन्ने मान्यतामा छ । निर्दोष कोही फसाइनु हुँदैन र दोषी कोही उम्किनु हुँदैन भन्ने मान्यतामा विस्वास गर्दछौँ । तपाईंहरुले नेकपा एमालेबारे लगाइएका प्रायोजित आरोपबारे पनि सुन्दै आइराख्नु भएको छ । यस अवसरमा के मात्र भन्न चाहन्छु भने छानबिन भयो भने नेकपा एमाले र त्यसको नेतृत्वले स्वाभाविकरुपले क्लिन चिट प्राप्त गर्नेछ । र, कोही दोषी देखिए हामी कारबाही गर्ने पक्षमा दृढतापूर्वक उभिन्छौँ । अर्कातर्फ मुलुकलाई सही बाटो देखाउन नेपालका राजनीतिक दलहरु एकप्रकारले भन्ने हो भने जनमत धुरवीकृत गर्न नसक्दाको परिणामका रुपमा जनमत विभाजित भएका कारणले बलियो राष्ट्रियशक्तिको रुपमा राजनीतिक दलहरुको उदय हुन सकेको छैन । अब नेपालमा राजनीतिक स्थायित्वका लागि बलियो राष्ट्रिय शक्तिका रुपमा नेकपा एमालेलाई स्थापित गर्नुपर्दछ भन्ने मान्यताका आधारमा हामी अगाडि बढिरहेका छौँ । त्यसले नै मुलुकलाई विकास र समृद्धिको बाटोमा अगाडि बढाउन सक्दछ । त्यो मान्यताका आधारमा हामी अगााडि बढिरहेको तपाईंहरुको माझमा राख्न चाहन्छु । खासगरी हामी सरकारमा रहेका बेला मधेशको समग्र विकासको सन्दर्भबारे जुन हिसाबले सोच्यौँ, पहलकदमी लियौँ, अहिलेको गठबन्धन सरकार र गठबन्धन सरकारमा रहेका आफूलाई मधेशवादी भन्ने दलहरु जुन हिसाबले मधेशको विकासबारे सोचिरहेको, पहलकदमी लिइरहेको देख्न सक्नु हुन्छ ? जतिबेला हाम्रो पार्टी अध्यक्षको नेतृत्वमा सरकार थियो, त्यतिबेला मधेशका रुग्ण आयोजना अगाडि बनाउने कुराका सन्दर्भमा खासगरी हुलाकी  सडकका सन्दर्भबारे एउटा अत्यन्त रोचक सन्दर्भ छ । नाकाबन्दी सामना गरिसकेपछि जब हाम्रो अध्यक्ष केपी ओली भारत भ्रमणमा जानुभयो, त्यतिबेला भारतीय प्रधानमन्त्री मोदीले बडा गर्वका साथ भारतमा गरेको विकासको चर्चा गर्नुभयो । एकदिन हाम्रो विकास प्रशासनले यति सय किलोमिटर सडक बनाउँदछ, यति पुल बनाउँदछ, यति भवन बनाउँदछ भनेर गर्वका साथ सुनाउने बेला उहाँले भन्नु भयो, ‘भारतले जिम्मा लिएका आयोजनाहरु नेपालमा यस्तै भएको देख्न चाहन्छन् नेपालीहरु तर दुर्भाग्यवश देख्न पाएका छैनन् ।’ त्यसपछि मोदी छक्क परेर सोध्नुभयो, ‘के भएको छ प्रधानमन्त्री ज्यू ?’ उहाँले भन्नुभयो, ‘भारतीय पक्षले जिम्मा लिएको हुलाकी सडक वर्षौंदेखि अलपत्र छ । जनता निरास छन् । नेपाल सरकारलाई तपाईंहरु सब जिम्मा लगाइदिनुस्, नेपाल सरकारले आफैँ बनाएर देखाउँछ ।’ त्यसपछि त्यहाँबाट फर्केर आएपछि हुलाकी सडकलाई देशको सबैभन्दा ठूलो परियोजनाका रुपमा, एक वर्षमा १३ अर्ब रुपैयाँ छुटयाउने कामको नेतृत्व गर्नुभयो र आज हुलाकी सडकको निर्माण प्रक्रियाले जुन प्रकारको तीब्रता लिएको छ । त्यसको श्रेय कसैलाई जन्छ भने हाम्रो पार्टी नेकपा एमालेलाई जान्छ । त्यो चिजलाई तराई मधेशको जनताले गहिरो गरी बुझ्नु भएको छ भनेर म बुझ्छु । अर्कातर्फ भारतमा भइरहेको विकास नजिकबाट हेर्ने सीमावर्ती क्षेत्रका जनतालाई विकासप्रक्रियामा कसरी जोड्ने भन्ने सन्दर्भमा हाम्रो पार्टी अध्यक्ष केपी शर्मा ओलीले तराईका सबै सदरमुकामको आधुनिकीकरण योजना अगााडि सार्नु भयो सहरी विकास आयोजनाका रुपमा ।

# फोहर फ्याँक्नेमाथि सार्वजनिक मुद्दा



**रासस**
**वीरगंज ।**
सडकमा जथाभावी फोहर फ्याँक्नेलाई आजदेखि वीरगंज महानगरपालिकाले जरिवानासँगै सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने भएको छ ।

महानगर क्षेत्रलाई सुन्दर, सफा, स्वच्छ र पर्यावरणयुक्त नमूना महानगर बनाउने उद्देश्यका साथ नियमित सरसफाइसँगै जथाभावी फोहर फ्याँक्नेलाई जरिवाना गर्दै आएको वीरगंज महानगरले शुक्रबारदेखि सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने भएको हो ।

महानगरका सडक तथा गल्लीमा जथाभावी फोहर फाल्नेसँग जरिवाना तिराउँदै आएको महानगरपालिकाले अब जरिवानासँगै फोहर फ्याँक्ने उपर सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने तयारी गरेको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सर्फुद्दिन मियाँले जानकारी दिए ।

‘जथाभावी फोहर फ्याँक्नेसँग हामीले २०७९ पुस १७ गतेदेखि जरिवाना तिराउँदै आएका छौँ, अझै फोहर फाल्ने क्रम रोकिएको छैन्,’ उनले भने, ‘जरिवाना गर्दा फोहर फाल्ने केही कम त भएको छ, तर अपेक्षाकृत घटेको छैन । त्यसैले अब फोहर फाल्नेलाई जरिवानामात्रै होइन, सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने तयारी गरेका छौँ ।’

सरसफाइ शाखा प्रमुख मियाँका अनुसार हालसम्म जथाभावी फोहर फ्याँक्ने पाँच सय ७५ व्यक्ति र संस्थाबाट महानगरले १७ लाख ५४ हजार रुपैयाँ जरिवानावापत राजस्व सङ्कलन गरेको छ ।

आर्थिक वर्ष २०७९/८० मा जरिवानाबाट १५ लाख ३६ हजार रुपैयाँ तथा चालु आव २०८०/८१ को साउनमा जरिवानावापत दुई लाख १८ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

‘घर, पसल र कार्यालयबाट निस्किने फोहर जतातत्तै फ्याँक्ने स्थानीयमा प्रवृत्ति छ,’ उनले भने, ‘त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौँ ।’ यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएको उनको भनाइ छ ।

सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ । महानगरपालिको वडा नम्बर १ देखि ३२ वटै वडामा वीरगंजस्थित पृथीतारा एमके इन्टरनेसनल जेभीसँग गत २०७६ जेठ २ सम्झौता गरी नियमित सरसफाइ गर्दै आएको छ ।

बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ भइरहेको छ । नालाको सरसफाइ महानगर आफैँले गर्छ भने सडकको सरसफाइ साझेदार संस्था पृथी तारा एनके इन्टरनेशन जेभीले गरिरहेको छ ।

# दोस्रोचरणको ‘टैंक ट्रक लकिङ’ शुभारम्भ

**रासस**
**वीरगंज ।**
नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराले दोस्रो चरणको ‘टैंक ट्रक लकिङ’ सुरुआत गरेको छ ।

निगमको प्रादेशिक कार्यालयमा आयोजित कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सिङ्गल लोड गरिएको तीन ट्याङ्करमा टैंक ट्रक लकिङ लगाएर यस कार्य शुभारम्भ गरे ।

डिपोदेखि पेट्रोल पम्पसम्म लिड सिल मात्र लगाएर पठाउँदै आएको निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जले आजदेखि ट्याङ्करमा टैंक ट्रक लकिङ लगाएर पठाउन थालेको हो । ढुवानीका क्रममा हुने पेट्रोलियम पदार्थको चोरी नियन्त्रण गर्न र सुरक्षित ढुवानीका लागि ट्याङ्करमा टैंक ट्रक लकिङ सुरु गरिएको नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराका प्रमुख विनितमणि उपाध्यायले जानकारी दिए ।

यसैबीच मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोसो चरणको करिब ४० प्रतिशतभन्दा बढी काम सकिएको छ ।

परियोजनाअन्तर्गत दोस्रो चरणको काम हालसम्म करिब ४० प्रतिशतभन्दा बढी सकिएको र बाँकी काम तीव्ररूपमा अघि बढेको प्रमुख उपाध्यायले जानकारी दिए ।

परियोजनाको दोस्रो चरण अन्तर्गत भारतीय आयल निगमले बाराको अमलेखगञ्जस्थित डिपोमा चार हजार १ सय किलो लिटर क्षमताका दुई पेट्रोल ट्याङ्क, २ सय ५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ्ग वे–रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माणका भइरहेको प्रमुख उपाध्यायले बताए ।

सोही परियोजनाअन्तर्गत फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्ट्याउने ओडब्ल्युएस सिस्टम तथा पिएमसीसी कक्ष निर्माणको काम अघि बढेको उनको भनाइ छ । सन् २०२३ भित्र सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गर्ने गरी लिखिता इन्फास्ट्रक्चर प्रालिलाई ठेक्का दिइएको नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराले जनाएको छ । यसै परियोजनाअन्तर्गत निर्माण हुनलागेको दुई पेट्रोल ट्याङ्कमध्ये एउटा नेपाल आयत निगमले र अर्को ट्याङ्क भारतीय आयल निगमको लागतमा निर्माण भइरहेको छ ।

यस्तै, पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्न दुई ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय आयल निगमनले निर्माण गरिदिने सम्झौता भएको प्रमुख उपाध्यायको भनाइ छ ।

परियोजनाअन्तर्गत पहिलो चरणको काम सम्पन्न भई गत २०७६ साल भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको छ ।

परियोजनाको दोस्रो चरणको सकिएपछि पाइपलाइनबाटै पेट्रोल र मट्टितेलको समेत आयात हुने जनाएको छ ।

‘एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा अहिले ट्याङ्रबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता छ,’ प्रमुख उपाध्यायले भने, ‘आयोजनाको काम सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीन वटै पदार्थको आयात पाइपलाइनबाटै हुन्छ ।’ यो आयोजनाको काम यही वर्षको डिसेम्बरसम्ममा सकिने र नयाँ वर्ष २०२४ जनवरीदेखि पाइपलाइनबाटै पेट्रोलियम पदार्थको आयात हुने उनले बताए ।

पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुँदा प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडा बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कार्यालय प्रमुख उपाध्यायको भनाइ छ । यो आयोजना निर्माण सम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार आठ सय ४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार छ सय ३० किलोलिटर पुग्नेछ । नब्बे दिनका लागि इन्धन भण्डारण गर्ने सरकारको नीतिअनुसार नेपाल आयत निगमले थप पाँच/पाँच हजार किलोलिटर क्षमताको दुई वटा ट्याङ्क निर्माण अघि बढाएको उनले बताए ।

# प्रसाईंको अभिव्यक्तिप्रति संघको आपत्ति

**मधेशदृष्टि**
**वीरगंज ।**
मेडिकल व्यवसायी दुर्गा प्रसाईंले कुनै समुदायलाई लक्षित गरी दिएको अभिव्यक्तिप्रति वीरगंज उद्योग वाणिज्य संघले विरोध जनाएको छ ।

संघका अध्यक्ष अनिल कुमार अग्रवालले विज्ञप्ति जारी गर्दै गतसाता एक टेलिभिजन अन्तरवार्तामा देशमा ‘मारवाडी समुदायले अर्थतन्त्र तहस नहस तुल्याएको’ भन्ने अवाञ्छित र गैरजिम्मेवार अभिव्यक्तिप्रति सङ्घको गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

नेपालको औद्योगिकीकरण इतिहासमा अग्रभागमा रहेका तथा उद्योग, व्यापारका मार्फत् देशको अर्थतन्त्र, रोजगारी सिर्जना गर्नेदेखि सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, कला, खेलकुदलगायतका राष्ट्रिय जीवनका हरेक क्षेत्रमा आफ्ना महत्वपूर्ण एवम् उल्लेखनीय योगदान पु¥याउँदै आइरहेका मारवाडी समुदायप्रति प्रसाईंले दिएको अभिव्यक्तिले दुःखी बनाएको जनाएको छ ।

देशको उद्योग, व्यापारको विकास, विस्तार र प्रवद्र्धनमा निर्वहन गर्दै आइरहेको भूमिका र योगदानलाई कदर गर्नुपर्नेमा त्यसको विपरीत एक व्यवसायी भएर अर्को व्यवसायी समूहप्रति लक्षित गरी यस्ता निकृष्ट अभिव्यक्ति दिने कार्य निन्दनीय रहेको पनि अग्रवालले हस्ताक्षर गरेको विज्ञप्तिमा उल्लेख छ ।

यसैबीच मेडिकल व्यवसायी प्रसाईंको अभिव्यक्तिप्रति वीरगंजका तीन वटा मारवाडी संघसंस्थाले निन्दा गरेका छन् ।

प्रसाईंको गैरजिम्मेवारपूर्ण अभिव्यक्तिले सामाजिक सद्भावमा असर पुग्ने भन्दै अब उपरान्त यस्ता अवाञ्छित वक्तव्यबाजी नगर्न सचेत गराएका छन् । मारवाडी समुदायले देशका उद्योग, व्यापारको विकास, विस्तार र प्रवद्र्धनमा निर्वाहन गर्दै आइरहेको भूमिका र योगदानलाई कदर गर्नुपर्नेमा त्यसको विपरीत एक व्यवसायी भएर अर्को व्यवसायी समूहप्रति लक्षित गरी यस्ता निकृष्ट अभिव्यक्ति दिने कार्य निन्दनीय रहेको मारवाडी युवा मञ्च, वीरगंजका अध्यक्ष गोविन्द शाह, मारवाडी समाज सेवक संघ, वीरगंजका अध्यक्ष मुरलीधर रुंगटा र मारवाडी सेवा ट्रष्ट वीरगंजका अध्यक्ष बाबुलाल अग्रवालद्वारा हस्ताक्षरित संयुक्त विज्ञप्तिमा उल्लेख छ ।

देशको समुन्नति, सामाजिक सद्भाव र जातीय एकता सुदृढ बनाउन आआफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने बेलामा यस्ता नकारात्मक भाव फैलाउने, कुनै निश्चित वर्ग वा समुदायलाई होच्याउने, गिज्याउने कार्य कोही कसैबाट हुनु नहुने र यस्ता अभिव्यक्ति दिने कार्य यथाशीघ्र बन्द गरिनु पर्ने मागसमेत गरिएको छ ।

# साहले उद्घाटन गरे २५ करोडको स्मृति भवन



**मधेशदृष्टि**
**वीरगंज ।**
मौलापुर नगरपालिकामा २५ करोडको लागतमा निर्माण भएको शहीद स्मारक भवनको आमजनता पार्टीका अध्यक्ष एवम पूर्वमन्त्री प्रभु साहले उद्धाटन गरेका छन् ।

उदघाटन कार्यक्रममा अध्यक्ष साहले मौलापुर नगरपालिका शिक्षा, स्वास्थ्य,  खानेपानी अन्य विकास मा देशकै शीर्ष स्थानमा रहेको नगरपालिका रहेको बताए । उनले भने,‘यो शहीद स्मृति भवनलाई शैक्षिक अस्पतालका लागि प्रयोग गरिनेछ ।’

मौलापुर नगरपालिका का नगर प्रमुख रिना कुमारी साहको अध्यक्षतामा भएको कार्यक्रममा संघीय सांसद समिमा हुसेन, पूर्व विधायक कुन्दन कुशवाहा, आजपा का महासचिव उपेन्द्र शाह, पूर्व नगर प्रमुख सियाराम कुशवाहा लगायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

# पर्सा जसपाको ४ निर्णय

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी नेपाल पर्साको कार्यकारिणी समितिको नियमित बैठक बसेको छ । पार्टीका जिल्ला अध्यक्ष रामनरेश प्रसाद यादवको अध्यक्षता बसेको बैठकले ४ वटा प्रस्तावमा छलफल गर्दै सर्वसहमतिले निर्णय गरेको छ ।

बैठकले विभिन्न समयमा जिल्ला समितिको मनोबलमा प्रहार गर्ने अभिव्यक्तिप्रति कार्यकारीणी समितिले गहिरो खेद प्रकट गरेको छ ।

त्यस्तै संगठन सुदृढीकरण सम्बन्धमा साउन महिनामा बैठक बस्न नसकेको पालिकाहरुको बैठक भदौ मसान्तसम्म गर्ने निर्णय गरेको जिल्ला सचिव तबरेज अहमदले जानकारी दिए ।

त्यस्तै भदौ महिनामा गर्ने जिल्लास्तरीय प्रशिक्षण केन्द्रसँग समन्वय गरी गर्ने बैठकले निर्णय गरेको छ ।

मधेशदृष्टि
वैभव

उत्खनन्



• सञ्जय साह मित्र

# उत्खनन्मा भविष्य भेट्ने आशामा विलुप्त खण्डहरहरू



मौलापुरको पतौरामा धरतीभित्र भेटिएको गुप्तकालको भनिएको पुरातात्विक अवशेषमा भारतीय पुरातत्वविद् डा. विद्या चौधरी



सर्लाहीको लालबन्दीमा रहेको पुरातात्विक अवशेषः किरातकालको कि लिच्छविकालको ?



ईशनाथ महादेव मन्दिरको भग्नावशेष



मौलापुरको पतौरामा रहेको पुरातात्विक महादेव मन्दिरमा गरिएको पहिलो पुरातात्विक उत्खनन् दृश्य

ज्ञात इतिहास औपचारिक र अनौपचारिक दुवै हुन सक्छ । कहिलेकाहिँ अभिलेखन अभावमा इतिहास लुप्त हुन्छ । सामान्यतया इतिहासलाई तीन भागमा अध्ययन गरिन्छः प्राचीन, मध्यकालीन र आधुनिक । कतिपय इतिहासकारले प्राचीन इतिहासभन्दा पुरानो जसको कुनै तरिकाले व्यवस्थित अध्ययन गर्न सकिएको छैन तर प्राचीनभन्दा पुरानो मानिएको छ, त्यस्तोलाई प्राग्ऐतिहासिक कथ्य वा तथ्य वा सत्य मान्ने गरेका छन् । प्राग्इतिहासमाथि कालान्तरमा प्रकाश पर्दै जाँदा प्राचीन वा अतिप्राचीन इतिहासको श्रेणीमा त्यस्ता घटना सूचीबद्ध हुँदै जान्छन् ।

मधेश प्रदेशमा के कति ऐतिहासिक धरोहर छन् ? यसबारे इतिहास पनि मौन रहेको पाइन्छ । ऐतिहासिक सम्पदा कहाँ छन् ? यसबारे पनि निकै कम जानकारी आउन सकेको छ । अझै पनि धेरै ऐतिहासिक तथा सांस्कृतिक सम्पदा धरणीको गर्भमा उत्खनन्को भविष्य हेरेर बसेका छन् । कतिपय खण्डहर भासिँदै र माटो खन्ने तथा खेत बनाउनेको बलि चढिसकेका छन् । अझै कतिपय पुरातात्विक सम्पदा नितान्त आझेलमै छन् जहाँ कसैको दृष्टि वा दृष्टिकोण पुग्नसकेको छैन । ऐतिहासिक दृष्टि वा दृष्टिकोणबाट अछुतो रहेका प्राग्ऐतिहासिक धरोहरबारे नियोजित अज्ञानता रहेको पनि हुन सक्छ वा जसरी मधेश प्रदेश साक्षरतामा अझै पछाडि छ, त्यसको सिकार भएको हुन सक्छ ।

महोत्तरीको एक ठाउँमा प्राग्इतिहासकालको सम्भवतः कुनै राजाको हतियार कारखानाको अवशेष रहेको छ । त्यसबारे केही समय बिराएर समाचार आउने गरेका छन् । त्यसको ऐतिहासिकताबारे स्थानीय पनि अनभिज्ञ छन्, कोही पनि जानकार छैनन् । यसबारे विस्तृत अध्ययन, अन्वेषण र उत्खनन हुनुपर्ने विचार आइरहन्छ तर स्थानीयले सदैव संरक्षणको चिन्ता पनि व्यक्त गर्दछन् ।

सर्लाहीको लालबन्दी नगरपालिकाको उत्तरी क्षेत्र चुरेसित जोडिएका वडा १२, १३ र १४ मा प्राग्ऐतिहासिक अवशेष प्राप्त भइरहेका छन् । दशकौँदेखि स्थानीयले सक्दो बलले खोजी गरिरहेका छन् तर अनुमानका भरमा कम्तीमा किराँतकालीन हुनुपर्छ भन्ने स्थानीय सरोकारवालाको अनुमान हुन्छ । साहित्यकार सुमन घिमिरे अग्रिम बारम्बार यसबारे सार्वजनिक चासो व्यक्त गर्दछन् । मोहनप्रसाद खनाल, पार्थमणि भट्टराईलगायतले स्वविवेकले संरक्षणको प्रयास गरेका छन् तर इतिहासको गर्भमै रहेको प्रामाणिकतापूर्ण तथ्यको पैसा, कल्ली, बाजु र मूर्तिहरुबारे अध्ययन कसले गर्ने ? कान्तिपुरको पशुपति क्षेत्रमा रहेको विरुपाक्षको मूर्तिजस्तो मूर्ति फेला परिरहेकाले कतै किराँतकालीन सभ्यताको वा किराँतकालीन राजा रजौटाको कुनै राजधानी वा अवशेष पो हो कि ? कि खोजकर्ता पार्थमणि भट्टराईको सामान्य अनुमा नजस्तै लिच्छविकालीन अवशेष हो ? कतै प्राचीन बज्जी गणतन्त्रको कुनै राज्यको अवशेष त होइन ? इतिहास नै मौन रहेको यी प्रश्नबारे भविष्येतिहासले उत्तरको खोजी गर्ला ।



बाराको सिमरौनगढमा रहेको ऐतिहासिक स्तम्भ

‘मूर्तिया’ नामकरण नै मूर्तिहरुबाट भएको हुनुपर्छ । ‘मूर्तिया’ कहिलेदेखि ? ‘मूर्तिया’ हुनुभन्दा पहिले यस ठाउँको नाम के थियो र किन ? मूतिहरुकै कारण धार्मिक पर्यटकीयस्थल बनेको ‘मूर्तिया’को वास्तविक इतिहास मूर्तिहरुले सोझै बोल्ने भएदेखि धेरैले सुनेका हुन्थे तर मूर्तिहरुको मौन कथनले भन्ने त्यहाँको इतिहास सुन्नु परेको छ ।



श्री ३ जंगबहादुर राणाको समाधिस्थलतिर जाने बाटोमा निर्माण गरिएको जंगबहादुर स्मृति स्वागतद्वार (रौतहटको वृन्दावन)

बाराको सिम्रौनगढमा खेतखेतमा इतिहास फल्छ । बाली खन्दा माटोमुनि देउतासहितको इतिहास फलेको भेटिन्छ । वनस्पतिको जरामा कन्दमूल फलेजस्तै इतिहास फलेको हेर्न पाइन्छ सिमरौनगढको विस्मृत ध्वंशभित्र । जबकि सिमरौनगढको उत्थानदेखि पतनसम्मको इतिहास ज्ञात छ तर खण्डित वा स्वस्थ अवस्थामा धरणीभित्र भेटिइरहने मूर्तिहरुले अझै उद्धारको इतिहासको रचनाबारे प्रश्न गरिरहेको सुन्न सकिन्छ । बाराका बाह्र गढीहरुको आफ्नै इतिहास छ तर प्रकाशवान् हुन नसक्दा मधुरो उज्यालो दिइरहेको जस्तो अनुभूति हुन्छ । निजगढभन्दा उत्तरतिरको चुरे पहाडको फेदीमा ऐतिहासिक महत्वका ढुंगा तथा अन्य अवशेषहरु भेटिन्छन् ।

मौलापुरको पतौरामा जमिन खन्दा अज्ञात इतिहासका धरोहरहरु भेटिन्छन् । पहिले त सेन (डोय) राज्यकालीन अवशेषहरु भएको अनुमान गरिएको थियो तर केही अध्ययनहरुले गुप्तकालीन अवशेषको रुपमा अनुमानलाई तन्काएको छ । कतिपयले बुद्धकालीन अवशेष भएको अनुमान गरेका छन् ।

खेतबारी खन्दा भेटिन थालेका थिए संरचनाहरु । यसभन्दा पहिले यहाँको बारेमा कसैलाई केही थाहा थिएन । मौलापुरको पतौरामा रहेको हाल पुरातात्विक महादेव मन्दिर भएको ठाउँको आविष्कार खेतबारी खनेर नै भएको हो । त्यसकै छेउमा उत्तर–पश्चिमतिर करिब सय मिटर टाढा कुनै भव्य महलको अवशेष देखिन्छ धरणीभित्र । यस ठाउँमा अन्यत्र पनि धरतीभित्र यस्ता पुरातात्विक तथा प्राग्ऐतिहासिक संरचना रहेको भनिन्छ ।

रौतहटको पुर्नी गेडहीगुठी रहेको ठाउँभन्दा पश्चिमतिर लमाहा र चानी नदीको संगमस्थलीमा केही दशकपूर्वसम्म विभिन्न अवशेष भेटिने गरेका थिए । एक गाउँ बराबरकै क्षेत्रफलमा धरती अग्लो थियो । मानिसले ईँटदेखि अन्य विभिन्न अवशेष भेट्टाइरहेका थिए र खन्ने तथा खोतल्ने हो भने अझै पनि भेटिने छन् । फतुवा विजयपुर नगरपालकाको हालको शीतलपुर गाउँको पश्चिमतिर खेतको फाँटमा विलीन भइसकेको एउटा सिङ्गो गाउँको इतिहास पनि मौन इतिहासभित्र चिच्याइरहेको छ । बुझ्नेले इतिहासको त्यो बोली नसुनेसम्म मौन हल्ला नै अनुभूति हुन्छ । त्यसो त ईशनाथ नगरपालिकाको ईशनाथ मन्दिर वरिपरि सम्वत् १११४ भन्दा पुरानो इतिहास पनि नभेटिएला भन्न सकिन्न । यद्यपि मौलिकता गुमाउँदै गएको ईशनाथ मन्दिरको खण्डहरले अझै पनि आफ्नो उत्खनन् र परिचय खोजिरहेको छ । रौतहटको समनपुरलाई लोकमहापर्व छठको उद्गवस्थल मानिन्छ । महाभारतकालमा पाण्डवहरुको गुप्तबास सुरु भएको भनिएको सुरुङ र त्यसमाथि बनेको महादेव मन्दिर समनपुरमा अद्यापि छ भन्ने विश्वास गरिन्छ । नेपाल–अंग्रेज युद्धक्रममा समनपुरमा स्थानीयले नै अंग्रेजलाई हराएको भनी नेपाली सेनाले बनाएको स्मारकले पनि इतिहासको एउटा पाटो अनावरण गर्ने प्रयास गरेको छ । रौतहटको सदरमुकाम गौर सारिनुअघि सदरमुकाम रहेकै बजार कट्टरवन अहिले बागमती नदीको अस्तित्वमा आफ्नो विलीन इतिहास पढिरहेको छ । ज्ञात इतिहासभन्दा अज्ञात इतिहास भएका धेरै गाउँठाउँले अझै पनि अज्ञानताको कुहिरोमा अनुहार लुकाइरहेका छन् ।

धनुषाको नामकरण भएको धनुषाधाम, पर्साको नामकरण भएको पर्सागढी आदिले अलिकति इतिहास जोगाएका छन् । महोत्तरीको जलेश्वर तथा संसारीमाईले धेरै इतिहास खोलेका छन् तर गौर नामकरण भएको बरहवा ताल भनी परिचित गौरादहबारे व्यापक मौनता छ । सिरहा र सप्तरीबारे धेरै ऐतिहासिक जानकारी आउन बाँकी नै छन् । धेरै ऐतिहासिक तथा पुरातात्विक ठाउँको उत्खनन् हुन बाँकी रहेको छ । धेरै ठाउँको इतिहास आफैँमा खण्डहर बनेको पाइएको छ, इतिहास बिल्कुलै मौन रहेको पाइएको छ ।

भनिन्छ, इतिहास विजेताको हुन्छ रे । लेख्नेले मात्र इतिहास बचाउन सक्छ रे । कालकलवित वर्तमान नै कालान्तरमा इतिहास बन्ने हुँदा इतिहासको चिनो धेरै कालपछि मूर्तिकला, चित्रकला तथा भवन निर्माण तथा अन्य नगल्ने, नकुहिने सामग्रीमा मात्र बाँच्न पुग्दछ । पुरातत्वविद्हरुले विभिन्न लेखोट तथा चित्रको संकेतले इतिहासबारे रहस्य खोल्न सक्छन् तथा आधुनिक विभिन्न संयन्त्रले संरचना वा सामग्रीको कालखण्ड निर्धारण गर्न सक्छन् तर पुरातत्वविद् तथा आधुनिक संसाधनको पहुँचभन्दा अहिलेसम्म टाढा रहेका संरचनाबारे भविष्यले खोजी गर्ने कुरा आशा मात्र हो । यही आशामा कतिपय धरोहर हराउँदै छन्, बिलाउँदै छन् । उत्खनन्, अध्ययन, अनुसन्धान हुन नसके पनि कम्तीमा संरक्षणको दायित्व त वर्तमानको हो ।

मधेश प्रदेशमा ऐतिहासिक, पुरातात्विक तथा प्राग्ऐतिहासिक महत्वका ठाउँ, मठ मन्दिर, सांस्कृतिक स्थल छन् । जसका बारे जानकारी छ, तिनीहरुबारे पनि खासै चर्चा गरिएको पाइँदैन । रामायण र महाभारतसित सम्बन्धित वा यी कालहरुसित सम्बन्धित विभिन्न ठाउँ रहेको भन्ने गरिएका विश्वासहरु यत्रतत्र छन् । तिनीहरुको पौराणिक सम्बन्धबारे प्रकाश पार्ने काम हुन बाँकी नै रहेको छ । यस प्रदेशभित्रका यस्ता ऐतिहासिक, पुरातात्विक, प्राग्ऐतिहासिक तथा पौराणिक महत्वका ठाउँबारे जानकारी दिने बोर्ड, ब्यानर तत्तत् स्थलमा राख्ने काम मात्र पनि हुन सक्यो भने आजभोलिको सामाजिक सञ्जालले ती ठाउँबारे धेरैको ध्यानाकर्षण गर्न सक्छन् । धेरै ठाउँ यस्ता छन् जसको निर्माणबारे विभिन्न मिथक छन्, ती मिथकहरुको पनि संरक्षण हुन सक्थ्यो जसले कुनै किसिमले ऐतिहासिकता वा पौराणिकताको बयान गर्दछन् ।

भविष्यका लागि वर्तमानले इतिहासलाई संरक्षण गर्नु परेको छ । ओझेलमा परेको इतिहासको खोजी गर्नु परेको छ । यो ठाउँ इतिहासविहीन रहेको छैन । हरेक ठाउँको इतिहासको खोजी हुनुपर्छ । अतीतमा हामीले गर्व गर्नुपर्ने थुप्रै कुरा अझै पनि खोजी गर्न बाँकी छन् । खण्डहरबारे विस्तृत खोजीको आवश्यकता बुझेर अन्य ठाउँको इतिहास पनि जोगाउनु परेको छ ।



बाराको सिमरौनगढमा हाले खेत खन्दा भेटिएको सम्भवतः मध्यकालीन मूर्ति



अंग्रेजलाई रौतहटमा हराउने बाटो भनी पोलमा टाँगिएको एउटा बोर्ड (रौतहटको गढीमाई)

अध्यात्म

# राजनीतिमा होइन, अध्यात्ममा छ समाधान



स्वामी आनन्द अरुण

जब उनले आफ्नो जीवनमा एक सहधर्मीको आवश्यकता महसुस गरे, इमानदारितापूर्वक पत्रिकामा एक सादा जीवन बिताउन र सरल पदतिले विवाह गर्न तयार संगिनीका लागि विज्ञापन गरे । आवेदकमध्येकी १४ वर्षीया मृनालिनीदेवीसँग उनको गैरपारम्परिक साधारण ढंगले विवाह भयो ।



१९४७ अगस्ट १५ का दिन भारत ब्रिटिस अधीनताबाट स्वतन्त्र भयो । स्वतन्त्र भारतको पहिलो राष्ट्रपति कसलाई बनाउने भनेर चर्चा हुँदा एक सच्चा देशभक्त र सबैले सम्मान गर्ने श्री औरोबिन्दोलाई राष्ट्राध्यक्ष बनिदिन आग्रह गरियो ।

पोन्डिचेरीमा त्यस समय एक साधकको जीवन बिताइरहेका श्री औरोबिन्दोले पद विनम्रतापूर्वक अस्वीकार गर्दै भने, 'भारतको सेवा जति मैले आफ्नो ध्यान कक्षबाट गर्न सक्छु, त्यति राष्ट्रपति भवनबाट गर्न सक्दिनँ ।' पद र कुर्सीको मोह र त्यसकै खिँचातानीमा चुर्लुम्मै डुबेको आजको राजनीतिमा औरोबिन्दोको यो त्याग र विशालता एक मिथ्याजस्तो लाग्दछ ।

सन् १९६८ तिर को कुरा हो । म पटनामा इन्जिनियरिङको छात्र थिएँ । कलेज छुट्टीको समयमा मेरा साथीहरूले नजिकको भागलपुर जाने प्रस्ताव गरे । गङ्गाको किनार मलाई अति नै प्रिय लाग्ने भएकाले तुरुन्तै भागलपुर लागियो । त्यहाँ बस्न एक होटलमा जाँदै थियौँ, होटलको रिसेप्सनमा पुग्नेबित्तिकै म अवाक् भएँ । होटलको भित्तामा दुईवटा तस्बिर झुन्ड्याइएको रहेछ । एक थियो, श्री औरोबिन्दोको र अर्को उनकी शिष्या मदरको । त्यो दिन म उहाँहरूको तस्बिर हेरेको हेरै भएँ । श्री औरोबिन्दोको आँखाबाट मैले आँखा हटाउनै सकिनँ । एक असीम आनन्दको अनुभव भयो र त्यो होटलको रिसेप्सन मेरा लागि मन्दिरजस्तै बन्यो । कहाँ भागलपुर घुम्न आएको म घन्टौँसम्म त्यही तस्बिर हेरेर रिसेप्सनमै बसिरहेँ । होटलको मान्छे पनि मलाई हेरेर अचम्मित थिए, तर त्यो तस्बिरले मलाई चुम्बकले जसरी तान्यो र केही भन्न खोजेजस्तो लाग्यो । त्यो क्षण मेरो र श्री औरोबिन्दोबीच एक गहिरो आध्यात्मिक सम्बन्धको बीजारोपण भयो ।





श्री औरोबिन्दोको जीवनका अन्तिम दिनतिर लिएको एक तस्बिर मेरा लागि अति नै प्रिय छ । सोफामा बसेर एक टक अगाडि हेरेको औरोबिन्दोको तस्बिर आज पनि मेरो शयन कक्षमा छ र हरदम मलाई प्रेरित गरिरहन्छन् । गहन एकान्त र रहस्यमा डुबेका उनका आँखा, गहिरो विश्राम र साधनामा विराजमान उनको शालीन व्यक्तित्वले मलाई अनवरत साधना र एकान्तका लागि प्रेरणा प्रदान गर्दछ ।

श्री औरोबिन्दोको जन्म १५ अगस्त १८७२ मा ब्रह्ममुहूर्तको समय ४ः१५ मा भयो । सुरुदेखि नै उनलाई घरमा अंग्रेजी भाषा र सभ्यता सिकाइयो । उनका पिता डाक्टर कृष्णधन बोस बेलायतमा प्रशिक्षित डाक्टर थिए । पाश्चात्य संस्कृतिबाट उनी यति प्रभावित थिए कि आफ्ना सन्तानलाई बाल्यकालदेखि नै पश्चिमी शिक्षा दिन र सोही परिवेशमै हुर्काउन चाहन्थे । पाँच वर्षको उमेरमै उनलाई दार्जिलिङको लोरेटो स्कुलमा राखियो र सात वर्ष लागेपछि इंग्ल्यान्ड पठाइयो । उनले म्यान्चेस्टर र क्याम्ब्रिजको सेन्ट पाल कजेलमा १४ वर्षसम्म अध्ययन गरे । १८९२ मा उनले भारतीय नागरिक सेवा आइसिएसको सर्वोच्च परीक्षा प्रथम स्थानमा पास गरे तर भारतको स्वतन्त्रताका लागि लड्ने अग्रज व्यक्तिसँग उनको राम्रो परिचय भइसकेको र राष्ट्रप्रेमको प्रबल भावना उनमा जन्मिसकेको हुनाले अंग्रेजको प्रशासक भई उनले कार्य गर्न रुचाएनन् र परीक्षाको अन्तिम घोडचढीको जाँचमा जानाजानी अनुपस्थित भई सेवाबाट बाहिरिए ।



बेलायत प्रवासकै बेला उनले बडोदा महाराजा गयेकवार्डलाई बेलायतमा भेटे र महाराजाले उनलाई भारत फर्की बडोदाको सेवामा प्रवेश गर्न आग्रह गरे । सन् १८९३ मा श्री औरोबिन्दो पाश्चात्य जगतको सबैभन्दा प्रतिष्ठित शिक्षा प्राप्त गरी भारत फर्किए र बडोदा राज्यमा विभिन्न पदमा रही नौ वर्ष सेवा गरे । यही समयमा उनको भारतीय संस्कृति, योग र स्वतन्त्रता संग्रामसँग राम्रो परिचय भयो ।

१९०१ मा जब उनले आफ्नो जीवनमा एक सहधर्मीको आवश्यकता महसुस गरे, इमानदारितापूर्वक पत्रिकामा एक सादा जीवन बिताउन र सरल पदतिले विवाह गर्न तयार संगिनीका लागि विज्ञापन गरे । आवेदकमध्येकी १४ वर्षीया मृनालिनीदेवीसँग उनको गैरपारम्परिक साधारण ढंगले विवाह भयो ।

अति सक्रिय राजनीतिक जीवन हुँदाहुँदै पनि सञ्चित संस्कारले उनको योग र ध्यानमा रुचि बढ्दै गयो र मार्गदर्शनका लागि उनी गुरुको खोजमा लागे । सोही खोजको फलस्वरूप महाराष्ट्रका योगी विष्णुभाष्कर लेलेलाई भेटे । लेलेले औरोबिन्दोको उच्च संस्कार हेरी उनलाई आफूसँग साधनाका लागि केही समय एकान्तमा बस्न आग्रह गरे । औरोबिन्दोको सक्रिय जीवनमा त्यो सम्भव थिएन, तर उनले तीन दिनको समय निकाली लेलेसँग एकान्त साधनामा बसे । तीन दिनकै छोटो साधनामा श्री औरोबिन्दोलाई ध्यानको गहिरो अनुभूति भयो । उनले विचारशून्य चैतन्यको अनुभव गरे र उनलाई साक्षीभाव प्राप्त भयो, जुन प्राप्त गर्न साधकलाई वर्षौं लाग्छ । त्यो देखेर अति प्रभावित भई सब काम छोडी पूरा समय योग र ध्यानका लागि समय निकाल्न उनलाई लेलेले आग्रह गरे । औरोबिन्दो भने भारतलाई परतन्त्र छाडी साधनामा लाग्नुलाई पलायन मान्थे र यसका लागि उनी तयार भएनन् । व्यस्त जीवन भए पनि नियमित योग तथा ध्यानका लागि उनले समय निकाले । ध्यानकै प्रयोगमा उनलाई भित्रबाटै प्रेरणा र निर्देशनहरू आउन थाले । उनले सबै अनुभूतिहरू लेलेलाई बताए, त्यो सुनेर लेले बडो आनन्दित भए । उनले औरोबिन्दोलाई भने, 'यदि तिमीलाई आफ्ना अन्तर्निर्देशहरूमा पूर्ण श्रद्धा छ भने अब बाहिरी गुरुको आवश्यकता छैन ।'

बङ्गाल त्यसबेला क्रान्तिकारीहरूको सक्रिय थलो थियो । त्यसमा अझ प्रभावकारी भूमिका खेल्न श्री औरोबिन्दो बडोदा छोडी १९०६ मा कोलकाता आए । जीविकाका लागि उनले बङ्गाल नेसनल कलेजमा प्रिन्सिपलको पद स्वीकार गरे तर उनको अधिकांश समय क्रान्तिकारीहरूलाई प्रेरणा दिन, संगठन र पत्रिकाहरू सम्पादन गर्नमा बित्थ्यो ।

सन् १९०८ मा अंग्रेज जिल्ला अधिकारी किंगस्फोर्ड परिवारको हत्या भएको बमकाण्डमा उनलाई पनि मुछियो र ५ मईमा उनी पक्राउ परी अलिपुर जेलको कालकोठरीमा थुनिए ।

शिवपुरी बाबा भन्ने गर्थे, 'बेलायतीहरूले जेलमा राखेर धेरै भारतीयको कल्याण गरेका छन् ।' जेलमा नबसेका भए महात्मा गान्धीको आत्मकथा, 'द स्टोरिज अफ माई एक्स्पेरिमेन्ट विथ ट्रुथ' जवाहरलाल नेहरूको आत्मकथा, 'टुवार्ड फ्रिडम' कहिले लेखिने थिएनन् । त्यसैगरी जेलमा नबसेका भए बाल गंगाधर तिलकले भागवत गीतामाथि आफ्नो टीका 'गीता रहस्य' कहिले लेख्न सक्ने थिएनन् । उनी जेलका भित्तामा चक र कोइलाका टुक्राले गीतामाथि आफ्ना टीका लेख्थे, अनि कागज पाएपछि त्यसलाई कागजमा सार्न लगाउँथे । यी तिनै पुस्तक साहित्यका उच्च कृतिहरूमा पर्दछन् । ओशोको गीतामाथि प्रवचन नपढेसम्म मलाई गंगाधारको गीता माथिको टीका 'गीता रहस्य' सबैभन्दा सर्वश्रेष्ठ लाग्दथ्यो ।

जेल बसाइमा लेख्न, पढ्न र साधना गर्न मनग्गे समय र एकान्त पनि पाइने हुनाले एक किसिमले जेल जीवन यी सबै उत्कृष्ट व्यक्तित्वका लागि लुकेको आशीर्वाद बनेको थियो । नेपालमा पनि सन्त नेता कृष्णप्रसाद भट्टराईले आफूले जेल बस्दा साधना र आध्यात्मिक साहित्य अध्ययन गर्न पर्याप्त समय र उपर्युक्त माहोल पाएको कुरा हामीलाई बताउँथे ।

भारतको स्वतन्त्रताका लागि पहिलो क्रान्तिकारी मुक्ति युद्धको नेतृत्व गरेका औरोबिन्दोलाई सोही घटनाका लागि ब्रिटिस सरकारले १९०८ मा जेल हाल्यो । बाहिरी क्रान्ति गर्छु भनेर हिँडेका औरोबिन्दोका लागि त्यो एक वर्षको जेल जीवन उनको भित्री रूपान्तरणको पहिलो सिँढी बन्न पुग्यो ।

कालकोठरीको त्यो प्रवास उनको साधनाका लागि वरदान साबित भयो । गीता र उपनिषद्को अध्ययन र गहन आत्मसाधनाले जेलको कोठालाई उनले साधनाको गुफामा परिणत गरे । आफूलाई एक वर्ष जेलमा राखेबापत औरोबिन्दोले अंग्रेजहरूलाई धेरै धन्यवाद दिएका छन्, किनभने त्यो एकान्त साधना बाहिर सम्भवै थिएन ।

जेलमै १५ दिनसम्म लगातार उनले स्वामी विवेकानन्दका आवाज र स्पष्ट निर्देशन सुन्न थाले, जबकि स्वामी विवेकानन्दले ६ वर्षअगाडि नै शरीर छाडिसकेका थिए । जेलजीवनमै योगको माध्यमले उनीमा अनेक सुषुप्त प्रतिभा जागरण भयो । उनको जेलकोठरीअगाडि एक कदमको रूख थियो । त्यसको मुनि औरोबिन्दोलाई साक्षात् वासुदेव श्रीकृष्णको दर्शन भयो र वासुदेवले पनि अरू सबै काम छाडी अन्तःसाधनामा लाग्न आदेश दिए । औरोबिन्दोको मनमा त्यहाँ पनि भारतको स्वतन्त्रताको प्रश्न उठ्यो । वासुदेवले आश्वस्त पारे, 'भारतको स्वतन्त्रताको जिम्मा म लिन्छु, तिमी एकान्त साधनामा लाग । एक दिन भारतको स्वतन्त्रता तिम्रो जन्मदिनको उपहार भएर आउनेछ । सोहीअनुरूप श्री औरोबिन्दोकै जन्म दिनको दिन १५ अगस्ट १९४७ मा भारत अंग्रेजको शासनबाट आजाद भयो । जेलमा श्रीकृष्णले औरोबिन्दोलाई भने, 'भारतको मूल समस्या भनेको राजनीतिक होइन, आध्यात्मिक हो । राजनीतिक परतन्त्रताको कारण पनि आध्यात्मिक कायरता र दरिद्रता हो ।' श्रीकृष्णले औरोबिन्दोलाई अर्को संकेत पनि दिए, 'भारतको स्वतन्त्रताको राजनीतिक नेतृत्व लिन अर्को सुयोग्य नेता आउँदै छ ।' त्यो संकेत महात्मा गान्धीप्रति थियो । त्यसैले औरोबिन्दोले आफ्नो राजनीतिक यात्रा समाप्त भइसकेको र आफू आध्यात्मिक यात्रामा लाग्ने अठोट व्यक्त गरे । एक वर्षपछि जब उनी जेलबाट छुटे, प्रतिभाशाली, क्रान्तिकारी र कलममा आग्नेय शक्ति भएका उनी विद्रोही नेता अन्तर्मुखी योगी भइसकेका थिए ।

जेलबाट निस्किएपछि पनि औरोबिन्दोमाथि अनेक केस लगाउने अंग्रेजरूको दाउ थियो तर अब उनी एक पल पनि साधनारहित कार्यमा व्यर्थ गर्न चाहँदैनथे । त्यही बेला उनलाई विवेकानन्दकी विदेशी शिष्या भगिनी निवेदिताको सन्देश आयो । निवेदिता एक क्रिस्चियन पादरीकी छोरी थिइन् र पछि स्वामी विवेकानन्दको शिष्या बनेकी थिइन् । उनलाई स्वामीजीको साक्षात मार्गनिर्देशन थियो । त्यही निर्देशनअनुसार उनले औरोबिन्दोलाई ब्रिटिस भारत छाड्न र साधनामा आफ्नो समय बिताउन आग्रह गरिन् । त्यस्तै आदेश औरोबिन्दोले आफैँभित्रबाट पनि पाए र उनी तत्क्षण कोलकाता छाडी चन्द्रनगर हुँदै अन्ततः ४ अप्रिल १९१० मा पोन्डिचरी आइपुगे । सही समयमा आफ्ना केही शिष्यका साथ उनले ब्रिटिस भारत छाडे र फ्रान्सेली उपनिवेशमा पर्ने पोन्डिचेरीमा गई आफ्नो पूरै समय साधनामा बिताउन थाले ।



पोन्डिचेरीमा उनका सुरुका दिन अति नै अभावयुक्त र कष्टप्रद रहे । सुरुका दिनमा उनको आश्रमको स्थिति अति विपन्न थियो । उनी तीन–चार मित्रका साथमा सानो घरमा बस्थे, जसमा निजी स्नानकक्ष पनि थिएन, सार्वजनिक धारामा सबैजना नुहाउँथे र सबै आश्रमवासीका लागि एउटै तौलिया थियो । आश्रममा एक मात्र लालटिन थियो, जसबाट सम्पूर्ण आश्रमको व्यवहार चल्थ्यो । औरोबिन्दोलाई अध्ययन गर्न प्रत्येक सन्ध्या एक मात्र मैनबत्ती प्राप्त हुन्थ्यो ।

सन् १९१२ मा आर्थिक समस्याले पिरोलिएर औरोबिन्दोले आफ्ना मित्र मोतीलाल रोयलाई एक अत्यन्त मार्मिक पत्र पठाए, जसमा लेखिएको थियो, 'आश्रममा अहिले जम्मा आठ आना मात्र बाँकी छ र ६–७ जना आश्रित छन्, जसरी भए पनि ५० रुपैयाँ ऋण तुरुन्त पठाउनू र यो ५० रुपैयाँका लागि शारीरिक, मानसिक, आध्यात्मिक सबै शक्तिको प्रयोग गरे पनि हुन्छ । हुन त भगवानले हामीलाई हेर्छन् नै तर भगवानको अन्त्यसम्म कुराउने अत्यन्त पुरानो नराम्रो बानी छ ।'

सन् १९१४ मा फ्रान्सेली दम्पती पौल र मीरा रिचर्ड पोन्डिचरी आइपुगे । पछि उनी मीरा रिचर्ड मदरको नामले विश्वविख्यात भइन् । औरोबिन्दोलाई देख्नासाथ सानैदेखि आफ्ना अन्तर्दृष्टिमा देखिने ऋषि उनी नै हुन् भन्ने बोध मदरलाई भयो । प्रत्येक आइतबार रिचार्ड दम्पतीले आश्रमवासीलाई सन्ध्याको भोजनमा बोलाउँथे । एक साँझ आश्रमवासीले पेटभरि मीठो भोजन र उत्कृष्ट फ्रान्सेली वाइन खान पाउँथे ।

धेरै लामो समयसम्म औरोबिन्दो आश्रम अभावमै रह्यो । सन् १९२० मा मदर आफ्ना पतिसँग सम्बन्धविच्छेद गरी सधैँका लागि आश्रममा बस्न आइपुगिन् र आश्रमको सारा व्यवस्था आफूले लिइन् । मदरमा व्यवस्थापनको गुण थियो र बिस्तारै उनले आश्रमको समृद्धि र विस्तारमा पूरै टेवा पु¥याइन् । मदरको आगमनपछि औरोबिन्दोले आफूलाई एक कोठामा साधनाका लागि सीमित गरे । २४ नोभेम्बरलाई औरोबिन्दोको सिद्धिदिवस मनाइन्छ । सन् १९२६ को यसै दिन उनीमा अधिमानस चेतनाको अवतरण भएको थियो ।

जीवनका अन्तिम २४ वर्ष औरोबिन्दो आफ्नो कोठाबाट दर्शन दिन वर्षमा चारपटक मात्र बाहिर आउँथे । त्योबाहेकको समय उनले नितान्त व्यक्तिगत साधनमा बिताए र ५ दिसम्बर १९५० मा उनले भौतिक शरीर छाडे ।

केही महिना अगाडिको कुरा हो, म दक्षिण भारतको यात्रामा थिएँ । त्यसै क्रममा पोन्डिचेरी जाने इच्छा मनमा उठ्यो । पाँच जनाको सानो टोली लिएर हामी पोन्डिचेरी पुग्यौँ । त्यहाँ जानेबित्तिकै मलाई एक आध्यात्मिक ऊर्जाले घेरेको महसुस गरेँ । समुद्र किनारको त्यो कोठामा एक प्रगाढ उपस्थिति थियो । त्यो उपस्थिति र ऊर्जाले राति पनि घेरिरह्यो र म बाहिर बार्दलीमा मेच लगाएर घन्टौँसम्म ध्यानमा बसिरहेँ । बिहान ८ बजे औरोबिन्दोको मिठो स्मरणले मलाई पुनः घे¥यो र फेरि ध्यानमा बसेँ । औरोबिन्दोको अनन्त प्रेम र आशीर्वाद महसुस गरेँ, समय, स्थान कुनै पनि चिजको ख्याल रहेन । केहीबेरपछि आँखा खोलेर हेर्दा त १२ बजिसकेको रहेछ, मेरा मित्रहरू पनि आएर मसँगै ध्यानमा बसेका रहेछन् । त्यो चार घन्टा आशीर्वादको क्षण थियो र वर्षौं अगाडि आफ्नो तस्बिरका माध्यमबाट अवाक् पारेका औरोबिन्दोले फेरि मलाई आफ्नो नदेखिने उपस्थितिमा चुर्लुम्मै डुबाए । आज उनको जन्मदिनको दिन त्यस महान् व्यक्तित्वप्रति हृदयदेखि नै श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

सुन्नुस् त !



# पत्रकारको उपचार के हुन्छ ?

● रामकुमार एलन

बिहीबार जनकपुरका पत्रकारलाई 'हैसियत' देखाइदिने भन्दै राष्ट्रिय अनुसन्धानका कर्मचारी विजय यादवले 'भत्ताकाण्ड' मच्चाए । उनी पत्रकार जाने कार्यक्रममा जान्छन् । पत्रकारले जस्तै आयोजकको भात खान्छन् । पत्रकारजसरी उपरखुट्टी लगाएर डटपेन टोक्दै डायरी तिघ्रामा राखेर टिपिटोपल्छन् । तर उनले लेखेको समाचार कतै आउँदैन । एक थाल भात र एक खाम भत्ता चैँ आयोजकको खेर गइरहेको हुन्छ । उनले पत्रकार महासंघकै अध्यक्ष भएको कार्यक्रममा पत्रकारलाई 'हैसियत' देखाइदिने बताएपछि मधेशमा पत्रकार र प्रशासनको दूरी नघट्ने देखिएको छ । धनुषा अध्यक्ष मनिका झाले पनि 'तपाईं पत्रकार होइन' भन्दा उनलाई 'खाम' चाहिएको थियो । खाममा नाम होइन दाम हुन्थ्यो । राष्ट्रिय अनुसन्धानका कर्मचारीहरुले पत्रकारजसरी हाजिरी गरेर खाम बुझ्ने अरु जिल्लामा पनि नयाँ होइन । उनीहरु पत्रकार बनेर पत्रकारिता गरिरहेका छैनन्, पत्रकारिता गरिरहेकाहरुको लाइमा उभिएर सूचना संकलन गर्नु उचित नै होला, हैसियत देखाइदिन्छु भन्दै उफ्रिने दिनका लागि गणतन्त्र ल्याइएको चैँ पक्कै होइन ।

सप्तरीमा पत्रकार मनोहर पोखरेलको अण्डकोषमै प्रहार भयो प्रहरी कार्यालयभित्र । सप्तरीका पत्रकार आन्दोलित भए । प्रहरी कार्यालयमा पत्रकार किन पिटिए ? प्रशासन कार्यालयको भित्ताको भिडियो नखिच्नू भनेर सप्तरी प्रशासनले सूचना जारी गरेपछि ७२ घण्टा भन्दा बढी समय पत्रकारको आन्दोलनमै बित्यो । सिडिओ पनि सरुवा भए । उनले माफी माग्नु पर्छ भन्दै प्रशासनले सूचना फिर्ता लिँदा पनि आन्दोलन चलिरह्यो । पत्रकारको काम समाचार लेख्नु हो । तर समाचार बन्न थालेका छन् । पत्रकारको काम समाचार बनाउनु हो तर बन्न थालेका छन् । अचेल पत्रकार राष्ट्रका लागि रक्तदान गर्न थालेका छन्, अस्पताल, वृद्धाश्रम पुगेर फलफूल बाँड्न थालेका छन् । थाहा छैन, पत्रकारमा समाचार लेख्ने क्षमता ह्रास भएर यस्तो राजनीतिक समाजसेवा गर्ने जोश कहाँबाट आइरहेको छ । 'जुस' कहाँबाट आइरहेको छ ?

शुक्रबार प्रतीक दैनिकको ३७ औँ वर्ष प्रवेश कार्यक्रम मनाइएको थियो वीरगंजमा । केही पत्रकार नेताहरु सदावहार भाषण गर्छन् । उनीहरुले चुनाव जितेकाले अझै थुप्रै महिना भाषणका लागि योग्य छन् । आयोजकले अरुलाई बोल्नै आउँदैनजसरी उनीहरुलाई माइक्रोफोन खोजिखोजी दिन्छन् । उनीहरुको कुरा सबैले सुनिरहन पर्छ । सत्ययुगमा भए 'सुन्नेलाई सुनको माला हुन्थ्यो,' कलियुगमा चैँ 'गाली' पनि पर्छ । जस्तो कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरका मेयर राजेशमान सिंहले भने, 'पत्रकारको उपचार के हुन्छ ?' थाहा छ, यो गरिखाने पत्रकारलाई गरिएको प्रश्न होइन, मुकुन्देले भन्ने गरेको 'अरु केही काम नपाएर स्वास्नी पाल्न पत्रकार भइस् भन्दैमा मैले तँसग कुरा गर्न पर्छ' भनेर हेपिएका–चेपिएका र पत्रकार भनिटोपलिएकाहरुलाई भनिएको हो । महानगर प्रमुखले भने, 'एउटा कर्मचारी त सूचना दिनै दरबन्दी कायम छ, पत्रकारलाई कति दिनु पर्ने सूचना ?' केहीदिनअघि सिरहाका एकजना शिक्षकले फोन गरे । उनको समाचार छापिएको थियो मधेशदृष्टिमा । शिक्षक पर्शुराम साह पत्रकार पनि हुन् । तर सिरहाका पत्रकारसँग शिक्षकले माफी मागे भनेर समाचार आयो आफैँ भएको पत्रिकामा । के प्रकरण थियो, पत्रकारले एउटा शिक्षकलाई माफी मगाएर कुन चन्द्रनहर बनाए भन्दा ठूलो प्रगति गरे ? चासो राखिएन । तर एउटा अपांग शिक्षकको हुर्मत लिने काम भयो पत्रकारबाट भनेर पत्रकार साथीहरुले बिहानै गाली गरे । साँझ उनको फोन आयो । उनले आफ्नो भनाइ पठाए । हिजो समाचार बनाउनेले आज पनि समाचार बनाए, उनको कुरा छापियो । सायद उनी खुशी भए होलान्, धन्यवादसम्म नआउने पेशा हो पत्रकारिता । अनि माथिदेखि अहिलेसम्म पत्रकारलाई नै ठोक्रे भन्दै नाम खुम्च्याउने पत्रकारहरु झैँ सिरहाका पत्रकार पनि रिसाए होलान् । सर्पको खुट्टा सर्पले देख्छ भने झैँ पत्रकारको खोइरो पत्रकारले खन्छ । यो सबभन्दा सजिलो र सबैभन्दा नालायक काम हो । भगवानदेखि राक्षससम्मले नगरेको काम हो । कुनै राक्षसले अर्को राक्षसको खेदो खनेको धर्मग्रन्थ छैन । कुनै देवताले अर्को देवताको प्रशंसा नगरेको पोस्तक छैन । तर एउटा पत्रिका र पत्रकारले अर्को पत्रिका र पत्रकारको खोइरो खन्नुलाई 'खोजी पत्रकारिता' ठान्नेहरु बढ्दा आज एउटा सामान्य जासुसले भनिरहेको छ, 'पत्रकारको हैसियत देखाइदिन्छु ।' उसै पनि पत्रकारिता सुकेनासको सिकार भइरहेको छ । समाचार नलेख्नेहरुले कार्यक्रम अगाडि क्यामेरा तेर्स्याएर वक्ताको अनुहारसमेत छोपिदिन्छन् । समाचार छिटो, छरितो, तार्किक, मार्मिक र तथ्य लेख्न नसकेर पत्रकारहरु यसै पाखा लागिरहेका छन् । कसैको 'कास (कार्यालय सहयोगी)' भएर बनिबनाउ प्रेस सल्लाहकार हुँदै बाँकी जीवन बिताइरहेका छन् । सबैसँग क्यामेरा छ तर समाचार र फोटोको कुरै मिलिरहेको हुन्न । यस्तो पत्रकारितामा हामी आफैँ पत्रकार भनेर गर्व गर्ने दिन छैन । एउटा पत्रिकाले अर्को पत्रिका, एउटा रेडियोले अर्को रेडियो, एउटा अनलाइन र टिभीले अर्को अनलाइन र टिभीलाई पत्याउँदैन । युट्युबरले बाँकी सबैलाई लखेटिरहेको छ । आफैँ लडेपछि हुने यस्तै हो । मिलेर कसरी जाने भन्ने छलफल कसले बोलाउने, बोलायो भन्दैमा को जाने ? बिरालोको घाँटीमा कसले घण्टी बाँध्ने ? त्यसैले ढिलाचाँडो हाम्रो हैसियत गुम्दो छ, हाम्रो उपचार पनि अरुले गर्न पर्दैन, आफै ँगरिरहेका छौँ । समाचार लेख्न छाडेर कुण्ठा लेख्न थालेपछि पत्रकार यति चाँडै ओरालो लाग्छन् कि तिनले रामकृष्ण ढकालको 'ओराली लागेको हरिणको चाल भो' अनुभूत गर्छन् । समाजले हाम्रै चिन्ता गरेको हो, हाम्रै कुरा गरेको हो । राम्रै कुरा गरेको हो । तर समग्रमा चैँ सुध्रिन पर्ने पत्रकार नै हो है ! बानीबेहोरा सुधार्दै जाउँला, अहिले चैँ लेखन सुध्रिएन भने अबको पुस्ताले हामीलाई शताब्दीकै 'झूर' भनेर डाइनोसर झैँ विस्थापित हुन कसैले रोक्न सक्दैनन् । आफैँ विस्थापित हुने पक्का छ । इत्यलम ।



# अबोध बालबालिका र बालश्रमको बाध्यता

● ज्योति झा

सडक र वृद्धा आश्रममा छाड्दिन्छन् । र, भरत जसले जीवनको मूलमन्त्र के हो ? दुनिया के हो ? थाहा न भएका यी अबोध बालक आफ्नो परिवारको व्यथा बुझेर सहयोग गर्न हरप्रयासमा १३ वर्षको उमेर खर्चिइरहेका छन् । उनले अगाडि भने, 'हरेक आमाबुबाको सपना हुन्छ, मेरो छोराछोरी पढून्, मेरो बुबा पनि हामीलाई पढाउन चाहनुहुन्थ्यो । तर गरिबी र बाध्यताले त्यो सपना सपनामै सीमित रह्यो ।'

बालबालिका देशका भविष्य हुन् । बल्कि, उनीहरू समाज र देशका कर्णाधार तथा धरोहर हुन् । यी बालबालिकाले नै भोलि देशको सत्ता र जिम्मेवारी काँधमा बोक्नेछन् । तर जब यिनीहरूको बाल्यकाल नै अशिक्षारुपी अँध्यारोमा छ भने भोलि देशको विकास उन्नति–प्रगति हुन्छ भन्ने सोच्नु कोरा कल्पना भन्दा अरु केही होइन । बालबालिकाका हकहितका लागि यति कडा कानुन हुँदा पनि बालश्रमजस्ताको त्यस्तै हुनु हाम्रो समाज र देशको दुर्भाग्य हो ।

अहिलेको युगमा कुनै पनि बालबालिका आफ्नो मौलिक अधिकार, शिक्षालगायतका आधारभूत आवश्यकताबाट टाढा रहनु ठूलो विडम्बना हो । खेल्ने, पढ्ने र रमाउने उमेरमा बच्चा घरको जिम्मेवारी निभाउन घरबाट टाढा गएर काम गर्नु, दुई छाक खान नपुगेर बाध्य भई होटल, रेस्टुरेन्ट र सडकमा बोतल उठाइराखेको स्थिति छ । तर, हाम्रा देशका कहलिएका महान नेता, मन्त्री र मेयर आरामदायी कुर्सी र 'फेक पब्लिसिटी' बटुल्न ठूला भाषण दिएर पेपरका हेडलाइन बन्न मग्न छन् ।

संसारभर नै बालश्रमलाई कानुनी अपराध मानिएको छ । तर पनि खुलेआम बालश्रम शोषण भइरहेको छ । गाउँसहर त टाढा जाओस् राजधानीमा समेत बालश्रमको दृश्य प्रशस्त हेर्न पाइन्छ ।

चिन्ताको विषय के हो भन्ने विभिन्न सरकारी कार्यालय, सरकारी तथा गैरसरकारी संघसंस्था, मिडिया हाउससमेतमा चिया पु¥याउने तथा सरसफाइ गर्ने कार्यमा बालबालिका प्रयोग भएको देख्न सकिन्छ । तर हेरेर पनि सबैले नहेरे जस्तो गर्छन् । विभिन्न कार्यक्रम, गोष्ठी, सेमिनारको मुख्य एजेन्डा नै बालश्रम र गरिबी निवारण हुन्छ तर ती सब हात्तीको 'खाने र देखाउने दाँत'सरह फरक छन् ।

सिरहाको रामपुरा कमलदाह घर भएका भरत १३ वर्षको कलिलो उमेरमै काँधमा जिम्मेवारी बोकी बालश्रमिकका रूपमा काम गरिरहेका छन् । सपना थियो पढने तर विपनामा पढाइदेखि कोशौँ टाढा छन् । बुबा रीतलाल यादव र आमा रामसतीका तेस्रो सन्तान हुन् उनी । उनका चार दाजुभाइ छन् । ऊ तेस्रो नम्बरको हो अर्थात् साहिँला छोरा । २ वर्षदेखि भरत मिर्चैयाको एउटा होटलमा काम गर्दैछन् । १३ वर्षका छन् अर्थात ११ वर्षकै उमेरमा काममा घोटिन पुगे । हेर्दा सोझा, शान्त, मायालाग्दो र थोरै स्मार्ट भरत जिम्मेवारीको बोझले दबिएका छन् । हाँस्ने, रमाउने, खाने र पढने उमेरमा गम्भीर र जिम्मेवारबोधको भारीले थिचिएका छन् । काममा फुर्तिला र इमान्दार भरत हासेको देख्न मुस्किलै पर्छ । र, आँखामा विवशता झल्केको सहजै अनुमान लगाउन सकिन्छ ।

एउटा जिम्मेवार छोरा अहिलेदेखि नै जिम्मेवारी निर्वाह गरिरहेका छन् । हुन त भरत १३ वर्षका छन् तर परिपक्क उमेरका मान्छे भन्दा कम देखिन्नन् । कलिलै उमेरमा हरेक परिस्थिति थेग्न सक्ने अर्थात् समय र समस्यासँग जुध्न अभ्यस्त भइसकेका छन् । उनी हरेक परिस्थिति र समस्यासँग जुध्छन् र जिन्दगी यही हो भन्दै त्यसमै रमाउन खोज्छन् । भरत मात्र होइनन्, अरु दुई ठूला दाई पनि पढाइबाट वञ्चित छन् । ठूलो दाई १८ वर्षमै मलेसिया पुगिसकेको छ । माइलो दाई बसमा सहचालक छन् ।

भरतलाइ सोधेँ, 'पढ्न मन लाग्दैन ?' उनले निर्दोष शब्दमा भने, 'पढ्न त मन लागिहाल्छ नि तर म पढेँ भने मेरो घर कसले चलाउँछ, मेरो बुबाको उपचार र कर्जा के हुन्छ ?' पढाइबारे सोध्दा उसको आँखामा जागेको आशाको क्षणिक उज्यालो साफसाफ झल्किरहेको थियो ।

मैले सोधेँ, 'तिमी पढ्छौ ?' उनले जबाफ फर्काए, '३०–४० लाख कर्जा छ, त्यो सिध्याउनु छ ।' उनका ती शब्दले विचलित भएँ, अवाक भएँ । आफैँलाई धिक्कारेँ, थाहा छैन तर भित्रैदेखि सवाल जवाफको लहर मडारियो । सोच्न बाध्य भएँ, भरतजस्तो छोरा पाउनु भाग्य हो वा भरतको यस्तो अवस्था हुनु दुर्भाग्य ? आजकल छोराछोरी जसलाई आमाबुबा आधा पेट बसेर पढाउँछन्, आफू आधा पेट खाएर पनि बच्चालाई भरपेट खुवाउँछन्, सन्तानलाई राम्रो शिक्षा दिन कर्जा लिन्छन् तर त्यही सन्तान जब आफ्नो खुट्टामा उभिन्छन्, आमाबुबाको वास्ता गर्दैनन् । सडक र वृद्धा आश्रममा छाड्दिन्छन् । र, भरत जसले जीवनको मूलमन्त्र के हो ? दुनिया के हो ? थाहा न भएका यी अबोध बालक आफ्नो परिवारको व्यथा बुझेर सहयोग गर्न हरप्रयासमा १३ वर्षको उमेर खर्चिइरहेका छन् । उनले अगाडि भने, 'हरेक आमाबुबाको सपना हुन्छ, मेरो छोराछोरी पढून्, मेरो बुबा पनि हामीलाई पढाउन चाहनुहुन्थ्यो । तर गरिबी र बाध्यताले त्यो सपना सपनामै सीमित रह्यो ।' पहिला त सबै ठिकठाक थियो तर जब बुबाको घुँडामा रोग लाग्यो जसमा उपचार खर्च धेरै लाग्यो । अनि दाइ कर्जा लिएर मलेसिया गए । बुबाको उपचार खर्च, दाइको विदेश जान लिएको कर्जा बढेर ४० लाख पुगेको छ । भनिन्छ दुःखपछि सुख आउँछ रे ! अँध्यारा पछि उज्यालो ! चर्को घामपछि शीतलता ! खै हाम्रो दिन कहिले आउला ? दिनभर भागदौड गर्दै बित्छन भरतको दिनचर्या । ग्राहकलाई खाना खुवाउने, थाल उठाउने, टेबल सफा गर्ने ।

बिहान ७ बजेदेखि राति ११ बजेसम्म । कहिलेकाहिँ त ग्राहक पनि बढी हुन्छन् मध्येरातको १२ बज्छ काम गर्दागर्दै । काम गरेबापतको ज्याला पाउँछन् मासिक ८ हजार रुपैयाँ । उनलाई त्यति काम र यति कम ज्यालामा किन काम गर्नु पर्यो र नेपाल सरकारले बालश्रमविरुद्ध कानुन बनाएको छ भन्दा उनले भने, 'काम गरिनँ भने म के खाने र मेरो परिवारको हालत के हुन्छ ?'

'कानुन बनाएर के हुने, काम नगरे जीवन कसले चलाइदिन्छ मेरो परिवारको । कम्तीमा बाँच्न त पाएको छु । म पहिलो बालक होइन मजस्ता कैयौँ बालक छन्, जो सडकमा छन् । कम्तीमा मैले खानबस्न त पा'को छु,' भरतका तर्कको जवाफ पनि छैन, मसँग अनि राज्यसँग पनि सायद ।

जनकपुरधामकी बालिका लक्ष्मी । जसको दिनचर्या प्लास्टिकको बोतल र फोहोर उठाउनमै व्यतीत हुन्छ । उमेर सायद १० वर्ष । उनी जे गरिरहेकी छिन्, त्यो रहर होइन, बाध्यता हो । उनकी बुबा केही काम गर्दैनन् । भएको पैसा मदिरामा उडाउँछन् । आमा अरूको घरमा भाँडा मस्काउँछिन् । अरुको भाँडा सफा पारेर पाएको ज्याला पनि पतिले मदिरामा उडाइदिन्छन् । अनि लक्ष्मीले कसरी पढ्ने, कहाँ पढ्ने ? पेट पाल्न त अप्ठ्यारो छ हामीलाई । सोधेँ, 'तिम्रो आमाले बुबालाई केही भन्नु हुन्न ?' उनले भनिन्, 'बुवाले पिट्नु हुन्छ ।' यस्तो अवस्थामा प्रहरीमा भन्नुपर्छ भन्दा उनी त्यहाँबाट भागिन् ।

यी त उदाहरण हुन् । यस्ता कति बच्चा छन्, जो सडकमा छन् या त श्रम गरिरहेका छन् । अब सोच्ने बेला भएको छ कि, 'त्यस्ता बालश्रम गर्ने बालबालिका सडकदेखि होटलसम्म सबैले हेरेकै छन्, देखेकै छन् । प्रहरी प्रशासन, आमजनता, नेता सबैको नजर पुगेकै छ तर पनि बालश्रम मुक्त हुन किन सकेको छैन ? कारण नियमकानुन पानामा र भाषण बोलीमा सीमित छ । खोक्ला राजनीति र राजनेताले गर्दा यो दुर्दशा छ ।

ठूलो भाषण दिनेकै घरमा प्रायः कामदारका रूपमा साना बालबालिका छन् । पाहुना गएपछि चिया पानी दिन त्यस्तै बच्चा आएको धेरै घरानियाँ र नवघरानियाँको महलमा देखेको छु । बच्चालाई बालश्रमिकका रूपमा राख्नु सबै भन्दा सजिलो लाग्छ उनीहरुलाई । उनीहरूले न कुनै विशेष माँग गर्छन् न त श्रमको ज्याला बढी दिनुपर्छ । न त कुनै खतरा नै हुन्छ ।

नेपालमा बालश्रम अत्यधिक हुने क्षेत्र धेरै छन् । घरेलु, होटल रेस्टुरेन्ट तथा मनोरञ्जन, श्रमिक, उद्योग, यातायात क्षेत्र, निर्माण, सडक, बालयौनकर्मी प्रमुख बालश्रमिक रहेका प्रमुख क्षेत्र हुन् । हामीसँग तीन तहका सरकार छन् तर अवस्था जस्ताको तस्तै ।

सरकारले बालश्रम रोक्ने कानुन त बनायो । तर कडाइ र इमान्दारिताका साथ यसको कार्यान्वयन नहुँदा दिनानुदिन बालश्रमले विकराल रूप लिँदैछ । समयमै सचेत भएनौँ भने भोलिका दिनमा समस्या अरु विकराल हुनेमा दुई मत छैन ।

खेल्नु, पढनु, नयाँ कुरा जान्नु र सिक्नु पर्ने उमेरमा बालबालिका जिम्मेवारी बोझले दबिएका छन् । यदि यही अवस्था रहिरहे हरेक दे शका लागि दुर्भाग्य हुनेछ । बालबालिकाको क्षेत्रमा काम गर्ने धेरै एनजिओ, आइएनजिओ हुँदा पनि राजधानी काठमाडौँदेखि मधेश प्रदेशका राजधानी जनकपुरलगायत प्रदेशका जिल्लामा खुलेयाम बालश्रम हुनु विडम्बना हो । हेरेर पनि नहेरे जस्तो गर्नुले स्पष्ट बुझ्न सकिन्छ, बालश्रमका नाममा रोटी सेक्ने र आफ्नो खल्ती भर्नेबाहेक अरु केही गरिरहेका छैनन् ।

भविष्य राम्रो बनाउनु छ भने वर्तमानमा धेरै मेहनत आवश्यक छ । देशको भविष्य हाम्रा सन्ततिलाई जोगाउनु र उनीहरुलाई शिक्षित बनाउनुमै अबको अवस्था निर्भर छ । बालश्रमप्रति सबैको चासो हुनु र जिम्मेवार बन्नु बालश्रममुक्त हुने मूलमन्त्र हो ।



कविता

# छुटेका रहर



● त्रिविशा निरौला

सानैदेखि मसँगै हुर्किंदै आएका
मेरार हरहरुको बाटो मोडिएछ,
मानौँ मेरो उनीहरूसँगको नाता तोडिएछ !

साथीको हातमा चकलेट देख्दा आफू पनि त्यस्तै बोकी
स्कूल जान े रहर,
रंगीविरंगी फुलबुट्टे ती
लुगा लगाउने रहर !

भाँडाकुटी खेल्दा माटोकै भए पनि
अरूको भन्दा मीठो
खाना बनाउने रहर,
आफ्ना बाबा अनि आमाकी
प्यारी छोरी बन्ने रहर !

नयाँकपडा अनि चुरा लगाएर
राम्री देखिने रहर,
आफूले भनेका कुरालाई
रोईकराई गरी जसोतसो मनाउने रहर !

दिनभरि साथीसँगै हराउने रहर,
मजस्तै अबुझ यी मेरा अनगिन्ती रहर !

आज मसँगै बढेका मेरा यी रहर
मभन्दा ज्ञानी देखिन्छन्,
अरूको देखासिकी गर्न पटक्कै मन पराउँदैनन् !

अरुभन्दा भिन्न बन्न रुचाउँछन्,
दुःख किन नहोस् ...
तर झुट भन्दा सत्य मन पराउँछन् !

राम्रा लुगा अनि मिठो खानाका सट्टा
राम्रो मन अनि असल विचारमा रमाउँछन्,
आफूले देखेको सपना भन्दा
परिवारको खुसीमा हराउँछन् !

हिजोको दिन भुलेर
भोलिको दिन बनाउन चाहन्छन्,
आफू हुनुको पूर्ण
प्रमाण जुटाउन चाहन्छन् !

कति शान्त अनि निर्मल बन्न पुगेका छन् मेरा यी रहरहरु ...
न कुनै खोट छ
न कुनै शंका !

सायद ज्ञानी हुँदाहुँदा थकित भएर होला,
आज खुला नीलोआकाशमा स्वतन्त्र भई उड्ने चाहना राख्छन्
मेरा रहरहरु ...
मलाई छोडी मुस्कानरूपी पखेटाका भरमा
माथि अनि झनझन माथि !

तर विडम्बना !
आज मेरो रहरलाई
जिम्मेवारीको बोझले थिचेको छ,
पैसा कमाउने माध्यम र आरामदायी जिन्दगीको श्रेय बनी प्रकट
भएको
लोकसेवाका नाममा कति मोटामोटा
किताबका बोझले थिचेको छ !

अझै पनि म तिमीलाई समात्न चाहन्छु,
अनि तिमीसँगै बढ्न चाहन्छु,
मेरा छुटेका रहरहरु
म तिमीमै हराउन चाहन्छु !

उदाउन चाहन्छु अनि सँगै अस्ताउन चाहन्छु,
मेरा छुटेका रहरहरुसँगै म पनि
अघि बढ्न चाहन्छु !

वैभव मधेशदृष्टि

२०८० साल भदौ ०२ गते शनिबार
Saturday 19, August 2023

# नेपालमा मुस्लिम सभ्यताको विकास



अफरोज अर्पण

**नेपाल एकीकरणपछि कायम भएको नयाँ नेपालमा पनि नेपाली मुस्लिमको इतिहासलाई कसैले पुनरावलोकन गरेनन् । मल्ल राजा रत्न मल्लका पालामा प्रथमपटक मुसलमान नेपालमा प्रवेश गरेको इतिहासको सुगा रटान अहिलेसम्म कायम छ । यस संकुचित इतिहासले नेपाली मुसलमानको शासकीय प्रवृत्तिलाई छोपिदिएको छ । उसको शासकीय प्रवृत्तिगत इतिहास उजागर नहुनु नेपाली मुसलमानको हकमा छैन । यसलाई खोतलेर उजागर गर्नु इतिहासविद्हरूको कर्तव्य हो ।**

भारतीय उपमहाद्वीपमा मानवसभ्यताको विकास ईपू. १५०० देखि ३००० वर्षपहिले भएको इतिहासकारहरुको भनाइ छ । भारतीय उपमहाद्वीपको सिन्ध घाँटीको सभ्यतालाई सबैभन्दा पुरानो सभ्यता मानिन्छ । सन् १९२१ मा भारतीय पुरातत्वविद्हरूले हड्डप्पा खनेपछि यो कुरा पत्ता लाग्यो । यस कालमा मोहनजोदडो, लोथलरंगपुर र हड्डप्पा सभ्यताका केन्द्र थिए । सिन्धघाँटीको सभ्यतालाई आर्यसभ्यता पनि भनिन्छ । वर्तमान भारतीय उपमहाद्वीपीय संस्कृति आर्यहरूको उपज हो । सिन्धलाई पर्सियनहरूले हिन्द भन्न थाले । हिन्दलाई १३ औँ शताब्दीदेखि हिन्दुस्तान भन्न थालियो । सिन्धघाँटी सभ्यताको विकास पाँच हजार वर्षपहिले भएको हो । हिमवत खण्ड (नेपाल) मा पनि सोही क्रममा मानवसभ्यताको विकास भयो ।



इस्लाम धर्मको पालन गर्ने मुस्लिम समुदायको नेपालमा आगमन परिस्थितिजन्य र ऐतिहासिक बन्यो ।
इतिहासको विविध परिवेशमा नेपाली भूमिमा मुस्लिम बसोबास गर्दै गए । यसमा सबभन्दा महत्वपूर्ण विषय उत्तर भारतमा मुसलमानको प्रभाव बढ्नु हो । उत्तर भारतसँगै जोडिएको नेपालको तराई÷मधेशको जातिगत जनसांख्यिक संरचनाले पनि यसलाई पुष्टि गर्दछ । नेपाली मुसलमानको इतिहास थाहा पाउन भारतको मुसलमानको इतिहास जान्नु आवश्यक छ ।

**भारतीय उपमहाद्वीपमा मुसलमानको प्रवेशः**

अरबमा इस्लाम धर्मको उदय हुनुभन्दा पहिले र इस्लामको प्रारम्भिक कालमा भारत र भारतवासीसँग अरबीहरूको सम्पर्क हुन थालेको प्रमाण पाइन्छन् । अरब व्यापारीले भारतीयले विकसित गरेको अंकप्रणालीलाई मध्यपूर्व र यूरोपमा प्रसारित गरे । इस्लामी युग अर्थात् पैगम्बर मुहम्मद (सल्ल.) को शासनकालभन्दा पहिले पनि अरबका व्यापारी भारतको मालबार क्षेत्रमा व्यापार गर्न आउने गर्थे । अरब व्यापारीको आगमनसँगै सातौँ शताब्दीको प्रारम्भमा तिनै व्यापारीले मालबार सामुद्रिक तटमा इस्लाम धर्म भित्र्याए । भनिन्छ, भारतीय तटमा सन् ६३० मा मुस्लिम यात्री चढेको प्रथम जहाज देखिएको थियो । सातौँ शताब्दीको अन्तिमतिर प्रथम अरब मुसलमान भारतीय तटमा बसोबास गरेका थिए । भारतमा इस्लामको आगमनसँगै अरबबासी संसारमा एक प्रमुख सांस्कृतिक शक्ति बन्न पुगे । अरब व्यापारी नयाँ धर्मका बाहक बन्न पुगे । उनीहरू जहाँ गए, यसको प्रचार प्रसार गरे ।

उत्तरी भारत र नेपालमा मुस्लिम

उत्तर भारतमा मुसलमानको प्रवेश बाह्रौँ शताब्दीमा भएको मानिन्छ । १२औँ शताब्दीको प्रारम्भमा उत्तरी तथा मध्य भारतका अधिकांश भाग दिल्ली सल्तनतको अधिनमा हुन गयो । पछि अधिकांश उपमहाद्वीप नै मुगलहरूको अधिनमा आयो । मुगलहरूको राज्यमा पनि पतनका संकेत देखा परे । ठूल्ठूला उथलपुथल भए । त्यही समयमा वर्तमान नेपालको मधेश क्षेत्रमा इस्लाम धर्मको प्रभाव बढ्दै गयो ।



भारतमा मुगलहरूले राज्य बिस्तारक्रममा वर्तमान नेपालको तराईसम्म पनि राज्य बिस्तार गरेका थिए । सन् १३२४ मा गयासुद्दीन तुगलकको सिम्रौनगढ विजय, सन् १३४९ मा सुल्तान शम्सुद्दीनको काठमाडौँमाथिको आक्रमण इतिहासका निकै चर्चित घटना हुन् । पहाडी राज्यमा मुसलमानहरूको पहिलो बसोबास राजा रत्न मल्लले गराएका थिए । काठमाडौँ उपत्यकामा सन् १४९१ देखि १५०१ (वि.सं. १५४८ देखि १५५८) को अन्तरालमा मुसलमानको स्थायी बसोबास हुनुभन्दा पहिले सन् १३२४ (वि.सं. १३८१) मा दिल्लीका बादशाह गयासुद्दीन तुग्लकले युद्धको दौरान तिरहुत (राजधानी सिम्रौनगढ) माथि विजय पाइसकेका थिए । त्यहाँ मुस्लिम सल्तनत कायम भइसकेको थियो । र, त्यो इलाकामा बाह्रौँ शताब्दीको उत्तराद्र्धदेखि नै मुसलमानको आवादी थियो ।

काठमाडौँ उपत्यकाका मुसलमान कश्मिर, उत्तर भारत र तिब्बतबाट आएका हुन् । वंशावलीका अनुसार कश्मिरी मुसलमान काठमाडौँमा राजा रत्नका पालामा आएका थिए । उनीहरूले काठमाडौँको दरबारमार्गमा अवस्थित पञ्चतकीया कश्मिरी जामे मस्जिद स्थापना गरे । यो काठमाडौँ उपत्यकाको पहिलो मस्जिद हो । यी मुसलमानले काठमाडौँका राजालाई दिल्लीका शासकसँग उर्दूमा पत्रचारका लागि सहयोग गर्थे ।

तिब्बतमा कश्मिरी व्यापारीको ठूलो प्रभाव थियो । कश्मिरी व्यापारीप्रति उपत्यकाका राजाको सहानुभूति पनि थियो । उनीहरू प्रायः रेशम, मलमल, ढाका, जुत्ता, गहना, अत्तर, लेपन र श्रृङ्गारका सामग्री व्यापार गर्दथे । कश्मिरी मुस्लिम व्यापारीले नेपालमा व्यापार सुरूवात गर्न थालेका थिए । उनीहरू नेपालका सामान लद्दाखको बाटो हुँदै तिब्बत लगेर बिक्री गर्दथे । मुस्लिमको प्रवेशले नेपाली उत्पादन कश्मिरमा र कश्मिरी उत्पादन नेपालमा पाइनु, तिब्बत तथा नेपालबीचको व्यापारमा वृद्धि हुनु, नेपालको सम्बन्ध सिधा कश्मिर र तिब्बतसँग स्थापित हुनु, इस्लामिक रीतिरिवाज, चालचलन, कला र संस्कृति गैरमुस्लिमले जान्ने र बुझ्ने मौका पाउनु, द्वैत सम्बन्धको विस्तार र विकास हुनु जस्ता फाइदा थिए ।

**वैवाहिक सम्बन्ध र बसाइसराइँ**

नेपाल र भारतबीच खुला सीमा छ । भारतको उत्तरवर्ती क्षेत्र र नेपालको दक्षिणी क्षेत्रमा घना मुस्लिम आवादी भएकाले र ती इलाका विगतमा समान संस्कृति, जात र मनोविज्ञानसँग जोडिएकाले मूलतः मधेशका मुस्लिम र सीमावर्ती क्षेत्रका भारतीय मुस्लिमबीच रोटोबेटीको सम्बन्ध रहेको छ । सैयौँ वर्षदेखि उनीहरूबीच नियमित प्रक्रिया झैँ वैवाहिक सम्बन्ध स्थापित छ ।

नेपाली मुस्लिमको इतिहासलाई विश्वसनीय मान्न सकिँदैन । इतिहासकारहरूले तत्कालीन राजासँग गतिलो सम्बन्ध बनाउन सफल मुस्लिमको इतिहास मात्र लेखे । राजारजौटाको पहुँचबाट दूर रहेका मुसलमानको इतिहास उनीहरूले लेखेनन् । मल्ल राज्यहरू (कान्तिपुर, ललितपुर र भक्तपुर÷भादगाउँ) लाई मात्र नेपाल भन्ने चलन थियो । तत्कालीन त्यही संकुचित नेपाल र त्यस वरिपरिका पहाडी राज्यमा आएका मुसलमान मात्र इतिहासका पानामा दर्ज भए । तराई/मधेशमा मध्यकालको प्रारम्भमै अस्तित्वमा रहेको मुस्लिम आवादी र विकसित मुस्लिम सभ्यताबारे नेपालको इतिहासमा लेखिएको पाइँदैन । इतिहासका ती महत्वपूर्ण पाटालाई लुकाएर राखियो । नेपाल एकीकरणपछि कायम भएको नयाँ नेपालमा पनि नेपाली मुस्लिमको इतिहासलाई कसैले पुनरावलोकन गरेनन् । मल्ल राजा रत्न मल्लका पालामा प्रथमपटक मुसलमान नेपालमा प्रवेश गरेको इतिहासको सुगा रटान अहिलेसम्म कायम छ । यस संकुचित इतिहासले नेपाली मुसलमानको शासकीय प्रवृत्तिलाई छोपिदिएको छ । उसको शासकीय प्रवृत्तिगत इतिहास उजागर नहुनु नेपाली मुसलमानको हकमा छैन । यसलाई खोतलेर उजागर गर्नु इतिहासविद्हरूको कर्तव्य हो ।

**नेपाल निर्माणमा मुस्लिमको योगदान**

राजा जयस्थिति मल्लले नेपालमा कैयौँ सुधार गरे । विशेषतः मुस्लिम शासकको परामर्शमा उनले केही प्रशासनिक सुधारको पहल लिए । मुस्लिम संस्कृति र परम्पराबाट मल्ल शासक निकै प्रभावित थिए । उनीहरूले लगाएका बस्त्र र उनीहरूले प्रयोग गर्ने देवान, बक्सी, काजी, सरदार, उमराव, कोतवाल, अदालत, फैसला, मिसिल, नजीर, कानुन आदि प्रशासनिक शब्दबाट यो कुरा प्रष्ट हुन्छ ।

**पृथ्वीनारायण शाह र मुसलमानः**

पृथ्वीनारायण शाहको नेपाल एकीकरणमा बन्दुक, गोला र बारूद बनाउने जिम्मा मुस्लिमले पाएका थिए । तर, इतिहासकारले पृथ्वीनारायण शाहको एकीकरण अभियानमा नेपाली मुस्लिमले खेलेको भूमिका र बगाएको रगतको कहिँकतै चर्चा गरेका छैनन् । एकीकरण अभियानमा मुस्लिमहरूले बनाएका बन्दुक आज पनि संग्रहालयमा सुरक्षित छन् । पृथ्वीनारायण शाहको उदयपछि औपचारिक रूपमा नेपाली सेनामा मुसलमानको प्रवेश भएको थियो ।

**'शाह' उपाधि दिल्लीका मुस्लिम सम्राट्बाटः**

गोरखा राजवंशावलीको लेखोटअनुसार खान्चा खान र मिन्चा खान शाह राजाहरूका आदी पूर्खा हुन् । पहिले मिन्चा खानले नुवाकोटमा राज्य गरे । उनीहरूका सन्तान कुलमन्डन खानबाट प्रभावित भई दिल्लीका बादशाहले शाहपदवी प्रदान गरे । यसपछि उनी कुलमण्डन खानबाट कुलमण्डन शाह बने । कुलमण्डन शाहदेखि राजा ज्ञानेन्द्र शाहसम्म उनका वंशका राजाहरूले आफ्नो नामका पछाडि 'शाह' उपाधि जोड्दै आए । विसं. २०६५ मा गणतन्त्र घोषणा भएपछि शाहवंशीय राजतन्त्र अन्त्य भएको छ ।

**जंगबहादुर राणा र मुसलमानः**

नेपालमा जङ्गबहादुर राणा प्रधानमन्त्री भएका बेला उनले भारतका अंग्रेज शासकलाई नेपाल स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो भन्ने देखाउन शरण लिन आउने कैयौँ भारतीयलाई नेपालमा शरण दिए । भारतका जनताले सन् १८५७ मा पहिलोपटक अंग्रेज उपनिवेशविरुद्ध विद्रोहको झण्डा उठाए । अंग्रेजबाट ठूलो दमन भयो । सुरक्षा र शरण प्राप्त गर्ने उद्देश्यले अबधकी बेगम हजरत महल र उनका छोरा ब्रिजिश कदरसँगै मुसलमानको एउटा ठूलो समूह सन् १८५७ (विसं. १९१४) मा लखनउबाट नेपाल प्रवेश ग¥यो । बेगम हजरत महलको कब्र (समाधिस्थल) काठमाडौँको नेपाली जामे मस्जिदको दक्षिणपट्टि सुरक्षित रहेको छ । सन् १८५७ मा भारतको अबधमा लखनउकी बेगम हजरत महलको नेतृत्वमा अंग्रेजविरुद्ध स्वतन्त्रता संग्राम भएको थियो । त्यस पहिलो संग्रामलाई दबाउन जङ्गबहादुर राणा आफैँ सेना लिएर अंग्रेजलाई मदत गर्न अबध पुगेका थिए । लखनउको नवाबी शान–सौकत देखेर जंगबहादुर राणा निकै प्रभावित भएका थिए । यस युद्धको दौरान थुप्रै हिन्दू र मुुसलमान शरण लिन नेपाल पसे । कोही तराईतिरै आवाद भए । त्यस्तै, नेपालको पश्चिमी पहाडमा लुकेका मुस्लिम पछि त्यहीँ आवाद भए ।



**काठमाडौँमा मस्जिदको स्थापनाः**

सन् १५२४ मा हजरत ख्वाजा हाजी मिस्कीन शाह भन्ने एक फकीर नेपाल आए । उनले राजासँगको भेटमा केही आध्यात्मिक चमत्कार देखाएका थिए । त्यसबाट प्रभावित भएर राजाले त्यस सिद्धपुरुषलाई 'म तपाईंको के सेवा गरूँ' भनेर सोधे । मिस्कीन शाह बाबाले 'मलाई बस्ने एउटा ठाउँ दिनुहोस्' भने । रानीपोखरीदेखि पूर्व पूरै खाली र वन जस्तो थियो । राजाले त्यो जमीन मिस्कीन शाहलाई दिए ।

**पञ्च तकीया कश्मिरी जामे मस्जिदः**

त्यहीँ केही समयपछि पञ्च तकीया कश्मिरी जामे मस्जिद बनाइएको अनुमान गरिन्छ । ख्वाजा मिस्कीन शाह बाबाको मजार हाल कश्मिरी जामे मस्जिदको परिसरमा कायम छ । शाह मिस्कीन बाबाका दरगाहसँगै उनका भाञ्जा शाह गयासुद्दीनको मकबरा पनि तकियाकै परिसरमा रहेको छ ।

**नेपाली जामे मस्जिदः**

राजा प्रताप मल्ल (सन् १६४१–१६७४) ले हिन्दूस्तानी मुसलमानलाई कश्मिरी तकियाकै स्वामित्वमा रहेको जग्गामा अलिक दक्षिण भागमा अर्को मस्जिद बनाउने अनुमति दिए । घण्टाघरसँगै रहेको यो मस्जिद नेपाली जामे मस्जिदका नामले चिनिन्छ ।

**सुनधारा मस्जिदः**

काठमाडौँको सुनधारास्थित धरहराको पश्चिम फेदमा एउटा सानो मस्जिद छ । यसलाई मुस्लिम मुसाफिरखाना पनि भनिन्छ । मस्जिदको जग्गा मुस्लिमको नाममा त छैन तर लिखतमा भोग गर्ने अधिकारचाहिँ कायम छ । विसं. २००० चैत ११ गते तत्कालीन श्री ३ राणा सरकारले भारतबाट नेपालमा राँगा, खसी र बोका व्यापार गर्न आएका मुसलमानलाई नेपाली सेनालाई मासु आपूर्ति गर्न यो जग्गामा बसी भोगचलन गर्न अनुमति प्रदान गरेका थिए । निजहरू बसोबास गरेसम्म उठाउन नपाइने र बहाल पनि नलिने गरी खड्ग निशाना छाप लगाइदिइएको थियो । त्यो खड्ग निशानासमेतको लिखत मुसलमानसँग सुरक्षित छ ।



**काठमाडौँ उपत्यकामा कब्रिस्तानः**

घण्टाघर र त्रिचन्द्र कलेज भएको स्थान मुस्लिमको समाधिस्थल थियो । वीर शमशेर जबराको समयमा जमलको जमीन लिई बटुकको ठूलो जमीन मुसलमानलाई दिइयो । चन्द्र शमशेर जबराले त्रिचन्द्र कलेज स्थापना गर्न जमीन लिई स्वयम्भूमा रहेको समाधिस्थल मुसलमानलाई दिएका थिए ।

**नेपालमा इस्लाम सभ्यता र यसको प्रभावः**

मुस्लिम अन्तर्राष्ट्रियरूपमा एक महासभ्यता हो । जसको विकास साउदी अरबबाट सुरु भएको थियो । यो आफैँमा एक जीवन पद्धति हो । यसलाई कुनै अन्य सभ्यता वा संस्कृतिमा मिसाएर अध्ययन गर्न सकिँदैन । नेपालको सन्दर्भमा मुस्लिमलाई अलग एक महासभ्यताकै रूपमा अध्ययन गरिनुपर्छ । नेपालमा निर्माण, सैन्य अभ्यास, कानुन निर्माण र राजकाजदेखि यहाँको जनजीवन तथा विविध क्षेत्रमा मुस्लिम सभ्यताको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव छर्लङ्ग देख्न सकिन्छ ।

दरबारमा भारतबाट गजल र नर्तकीका लागि कलाकार झिकाएर मनोरञ्जन लिने परम्परा राजाहरूको थियो । नेपाली राजारजौटाले लगाउने र हाल आमनेपाली समाजमा व्याप्त र लोकप्रिय पोसाक दौरा सुरुवाल र टोपी, तरबार, मुगल शैलीका भवनहरू सबै मुस्लिम सभ्यताका अंग हुन् ।

**नेपाली टक र ताम्रपत्रः**

दिल्लीका सम्राट् हुमायुलाई भेट्न जाँदा महिन्द्र मल्ललाई चाँदीका सिक्का बनाउन सम्राट् हुमायुले स्वीकृति दिए । ती टक चाँदीका हुन्थे, जसलाई 'महिन्द्र मल्ली' भनेर चिनिन्थ्यो । टकको एकातिर आफ्नो नाम र अर्कातिर बङ्गालका शासकको नाम र छाप कुँदिएका हुन्थे । ललितपुर र भक्तपुर (भादगाउँ) का शासकले पनि मुस्लिम शासकसँग इजाजत लिएर टक चलाएका थिए । शाके सम्बत् १६९९ मा पर्वतका राजा कीर्तिबम मल्लले आफ्ना गुरुलाई दिएको ताम्रपत्रमा फारसी÷उर्दू मोहरको गहकिलो छाप कुँदिएको थियो । राजा प्रताप मल्लको हनुमानढोकामा रहेको शिलालेखमा १८ वटा भाषामा शिलालेख थियो । त्यसमा फारसी भाषामा पनि एउटा पंक्ति कुँदिएको थियो ।

**भाषाः**

नेपाली शब्दकोषमा अरबी, फारसी, उर्दू, बंगाली र अबधी शब्दको ठूलो भण्डार छ । नेपाली कानुनी शब्दकोष त झन् फारसी, उर्दू र अरबी शब्दले भरिएको छ । यी भाषा इस्लाम महासभ्यताको अंग हो । नेपाली शब्दकोषमा यति ठूलो संख्यामा यी भाषाका शब्द त्यतिकै पक्कै पनि आएको होइन ।

कला र संगीतको क्षेत्रमा मुस्लिम संस्कृतिको प्रभावः

शाहवंशीय दरबारमा मुस्लिम कलाकार झिकाएर गीत, गजल, कौवाली र नाटक प्रदर्शन हुने गथ्र्यो । तत्कालीन नेपाली कविको भाषामा उर्दू र फारसी भाषाको ठूलो प्रभाव रहेको पाइन्छ । राजा त्रिभूवनका पालामा उस्ताद नुरुद्दीन दरबारको एक कुशल संगीतज्ञका रूपमा चिनिन्थे । गजल गायक गुलाम अलीले राजदरबारमा पटकपटक प्रदर्शन गरे ।

विसं. १९०३ मा राणाको उदयपछि नेपालमा मुस्लिम संस्कृतिको खुल्ला प्रभाव पर्न थालेको थियो । राणाहरूको लवाइखवाइ, बसाइ, बोलाइ र शानसौकतमा मुगल सम्राट्को प्रभाव परेको थियो । राणाको राजर्षी भाषामा उर्दू र फारसीको प्रभाव बढ्दै गयो । भारतका शासकसँग राणाको लेखापढी उर्दू भाषामा हुने गथ्र्याे । वीरशमशेर जंगबहादुर राणाका पालामा यो प्रभाव अझ बढ्न गयो । संगीत क्षेत्रमा मुस्लिमको बोलबाला नै थियो । त्यतिबेला भारतबाट केही कलाकार नेपाल आई बसोबास नै गरे ।

**मुस्लिम ललितकलाः**

सुल्तान शमसुद्दीन तुग्लकले भत्काएका काठमाडौँ उपत्यकाका मठमन्दिरहरू पछि यहाँका राजाको अनुरोधमा उनले आफ्ना केही कालिगढ पठाई पुनःनिर्माण गर्न लगाए । सिंहदरबारका ठूला भवनलगायत उपत्यकाभित्र रहेका मध्यकालीन र शाहकालीन मुगल शैलीका दरबार र भवन मुस्लिम कालिगढ झिकाई तत्कालीन शासकले निर्माण गराएका हुन् । भीमसेन थापाले सुन्धाराको भीमसेन स्तम्भ मुगल शैलीमा निर्माण गराएका थिए । जनकपुरको जानकी मन्दिर मुस्लिम कालिगढले मुगल शैलीमा निर्माण गरेका थिए ।

**सामाजिक अन्तरघुलनः**

नेपाल आई बसेका मुसलमान नेपालमा भूतप्रेत भगाउने, मन्साउने र साधारण किसिमका औषधिउपचार पनि गर्दथे । त्यसपछि उनीहरूले श्रृङ्गारका सामान बेच्न थाले । यी सबै कार्यले गर्दा उनीहरू नेपाली समाजमा अन्तरघुलन हुँदै गए । उनीहरूको मौलिक संस्कृति हराउँदै गयो । नेपाली भाषा संस्कृतिमा उनीहरूको अन्तरघुलन हुँदै गयो ।

वैभव संयोजकः सुरेश यादव

# उपमहानगरपालिकालाई सहकारी संस्थाको चेतावनी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको एक सहकारी संस्थाले जनकपुरधाम उपमहानगरपालिकालाई सात दिनभित्र माग पूरा गर्न अल्टिमेटम दिएको छ । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १४ स्थित सुन्दर कृषि सहकारी संस्थाले विभिन्न पाँचवटा माग अगाडि सार्दै सातदिने अल्टिमेटम दिएको हो । संस्थाका अध्यक्ष रामसुखित यादवको अगुवाईमा उपमहानगरपालिकाका उपमेयर किशोरी साहलाई ज्ञापनपत्र बुझाउदै उल्लेखित माग सातदिन भित्र पूरा गर्न भनिएको छ ।
ज्ञापनपत्रमा उल्लेख गरिएका मागमा जनकपुरधाम उपमहानगरपालिकाअन्तर्गत कृषि तथा पशुपन्छी शाखा सञ्चालन हुनुपर्ने, सम्बन्धित क्षेत्रअनुसारको कर्मचारी व्यवस्थापन हुनुपर्ने, कृषकलाई उपलब्ध गराउनुपर्ने सम्पूर्ण कार्यक्रम सार्वजनिक हुनुपर्ने माग अगाडि सारिएको छ भने पालिकाअन्तर्गत रहेका कृषि सहकारी संस्थाका सञ्चालकलाई बोलाई विभिन्न विषयमा समन्वय हुनुपर्ने र तहगत अनुसारको कर्मचारी व्यवस्था हुनुपर्ने माग उल्लेख गरिएको छ । उपरोक्त मागहरु सात दिनभित्र पूरा हुनुपर्ने वा नभएमा चरणवद्ध आन्दोलनका कार्यक्रम घोषणा गरिने ज्ञापनपत्रमार्फत चेतावनीसमेत दिइएको छ । ज्ञापनपत्र लिँदै उपमेयर किशोरी साहले कर्मचारिको विषयमा आफूहरु सम्वन्धित निकायसँग माग गरिसकेको तर उतैबाट कर्मचारी नपठाउदा समस्या कायम रहेको बताए । उनले कृषकहरुका लागि जनकपुरधाम उपमहानगरपालिका सदैब सम्वेदनशील रहेकाले छलफलका माध्यमले समस्या समाधान गर्न् उनले संस्थाका प्रतिनिधिसँग आग्रह गरेका थिए ।

# लागुऔषध मुद्दाका फरार प्रतिबादी पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले लागुऔषध मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।
शुक्रबार इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटेको प्रहरीको टोलीले क्षीरेश्वरनाथ नगरपालिका वार्ड नं ५ बस्ने वर्ष २१ अमर कुमार साहलाई गाँउमै लुकेर बसेको अवस्थामा पक्राउ गरेको छ । साहले आर्थिक वर्ष २०७९÷०८० मा लागुऔषध मुद्दा दर्ता भई फरार रहेकोमा शुक्रबार उनलाई पक्राउ गरिएको हो । साहलाई शुक्रबार नियन्त्रणमा लिएर थप अनुसारन्धानका लागि जिल्ला प्रहरी कार्यालय धनुषा पठाइएको प्रहरीले जनाएको छ ।

# उपमहानगरपालिकाद्वारा ट्र्याक्टर हस्तान्तरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले नगरका विभिन्न वडालाई ट्र्याक्टर हस्तान्तरण गरेको छ ।
जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले वडाध्यक्षहरुलाई ट्र्याक्टर हस्तान्तरण गरेका हुन् ।
उपहमानगरमा बढदो सरसफाइका समस्याबाट मुक्ति पाउन एक वडालाई एक ट्र्याक्टर हस्तान्तरण कार्यक्रमको उपमहानगरले सुरुवात गरेको हो ।
नगरप्रमुखमा निर्वाचित हुनुभन्दा अगावै प्रत्येक वडालाई ट्र्याक्टर हस्तान्तरण गरेको वाचाअनुरुप वडाहरुका लागि ट्र्याक्टर खरिद गरिएको उपमहानगरका प्रमुख साहले बताए ।
विगत २७ हप्तादेखि नगर सफाइका लागि उपमहानगरले जनचेतनामूलक कार्यक्रम प्रत्येक शुक्रबार गर्दै आइरहेको थियो । अब प्रत्येक वडाको सफाइको जिम्मा वडाध्यक्षहरुलाई दिइने गरी ट्र्याक्टर हस्तान्तरण गरिएको र चाँडै प्रत्येक वडालाई ट्र्याक्टर दिइने नगरप्रमुख साहले जानकारी दिए । यसका साथै आफ्नो घर वा प्रतिष्ठान अगाडि फोहोर गर्नेलाई दण्डित गर्न समेत उपमहानगर अब पछाडि नहट्ने नगरप्रमुख साहको भनाइ छ ।
जनकपुरधाम उपमहानगरले इबिडिङमार्फत ठेक्का दिएर १ करोड ३८ लाख ९० हजार रुपैयाँमा १० वटा ट्र्याक्टर खरिद गरेको छ ।
उपमहानगरसँग यसअघि ५ वटा ट्र्याक्टर र ११ वटा ट्रिपर थियो ।

# न्याय माग्दै आरतीका परिवारको धर्ना कायमै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामकी आरती साहको हत्या घटनामा दोषीलाई कारबाही गर्नुपर्ने मागसहित ६४ दिनदेखि आरतीका माइतीपक्षले काठमाडौँको माइतीघर मण्डलामा धर्नामा बस्दासमेत न्यायका लागि पहलसम्म हुन सकेको छैन ।
लामो समयसम्म न्यायका लागि पहलसम्म नभएको भन्दै काठमाडौँमा धर्नामा बसेका आरतीका बुबा विनोदप्रसाद, आमा निर्मला देवी, भाइ प्रेम, बहिनी मनीषा, मामा सन्तोषकुमार, आफन्त र समर्थकले सोमबार प्रदर्शन गरेका थिए।
सिंहदरबारको दुई नम्बर गेट पुगेपछि उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।
यसक्रममा आन्दोलनरत महिलालाई पुरुष प्रहरीले शरीरका संवेदनशील अंगमा हात हालेको भन्दै नागरिक आन्दोलनका अभियन्ता र अधिकारकर्मीले सामाजिक सञ्जालमा टिप्पणी गरेका थिए। प्रहरीले यसविषयमा आफनो गल्ती अहिलेसम्म स्वीकार गर्न सकेको छैन भने पक्राउ परेकालाई माइतीघरबाहेक अन्यत्र आन्दोलन गरेमा कारबाही गर्ने शर्तमा छाडेको थियो।
उजुरी लिन अटेर गर्दै पीडितमाथि कुटपिट गर्ने धनुषाका एसपी विश्वराज खड्का र डिएसपी वेदप्रसाद गौतमलाई निलम्बन गरी कारबाही गर्नुपर्ने, जिल्ला न्यायाधीवक्ता, पोस्टमार्टममा संलग्न डाक्टरमाथि अनुसन्धान गरी कारबाही गर्नुपर्ने, हत्याको सिआइबीद्वारा जाँच हुनुपर्ने, जाहेरी दिएका सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्ने, पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्नेलगायत उनीहरूका माग छन्। पीडित पक्षले आरतीका पति मोतीबाबु साह, ससुरा मदनमोहन साह, सासू रेनु देवी र देवर रवि साहविरुद्ध किटानी जाहेरी दिएका थिए।
प्रहरीले आरतीका पति र ससुरालाई पक्राउ गरेपछि जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाएको छ। प्रहरी प्रवक्ता कुवेर कडायतले पहिलो चरणको अनुसन्धानपछि आरतीका ससुरा र पतिलाई थुनामा पठाइएको बताए। धनुषाका एसपी खड्का र डिएसपी गौतममाथिको अनुसन्धान र पीडितको मागबारे मंगलबार छानबिन समिति गठन भइसकेको उनको भनाइ छ।
धनुषाको नगराइन नगरपालिका–८ खिरखिरियाकी आरती र जनकपुरधाम–९ थापाचोकका मोतीबाबु साहबीच २०७८ असार २९ मा मागी विवाह भएको थियो। जेठ ७ गते आरती घरको कोठाभित्र पंखामा सलको पासो लगाएको अवस्थामा भेटिएकी थिइन्। माइती पक्षले उनको आत्महत्या नभई दाइजोको निहुँमा हत्या भएको भन्दै निष्पक्ष छानबिन र न्यायको माग गर्दै आन्दोलित छन् ।

# महिला र सीमान्तकृत समूहका सांसदलाई तालिम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महिला र सीमान्तकृत समूहका सांसदहरुलाई क्षमता अभिवृद्धि तालिम भएको छ ।
युएनडिपी पिएएसपीको सहयोगमा सिआइसी जनकपुरधामद्वारा आयोजित तालिममा वक्ताहरुले तालिमले व्यक्तित्वमा निखार आउने भएकाले हरेक व्यक्तिका लागि यो आवश्यक रहेको चर्चा गरेका छन् । 'राजनीति त्यस्तो शक्ति हो जसमा एकजना व्यक्तिको दिमाग, प्रतिभा र क्षमताले अरु धेरै व्यक्तिलाई नियन्त्रित र परिचालित गर्दछ त्यसकारण दह्रो भएर रहनुपर्छ, उनीहरुको कथन थियो ।
कार्यक्रममा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले सांसदहरुलाई अध्ययनशील बन्न आग्रह गरेका छन् । अध्ययनका लागि पुस्तक पढ्नका साथै तालिमहरु पनि आवश्यक हुने गरेको उनले बताए । कार्यक्रममा संघीय सांसद मनिष झाले कुनै व्यक्तिको बाहिरी आवरणसहित आन्तरिक गुण वा विशेषताहरूको समग्र रूप नै व्यक्तित्व रहेको चर्चा गर्दै शारीरिक अवस्था, भेषभूषा, श्रृङ्गार वा सजावट बाहिरी आवरण हुन् भने व्यक्तिको अध्ययन, बौद्धिकता, ज्ञान, योग्यता, सिप, विनयशीलतालगायतका आन्तरिक गुण रहेको बताए । व्यक्तिले गर्ने व्यवहारको पनि छुट्टै विशेषता हुन्छ । यिनै विशेषताहरू वा गुणका आधारमा एउटा व्यक्ति अर्को व्यक्तिभन्दा फरक हुन्छ वा विशेष हुन्छ । यो फरकपन नै व्यक्तित्व रहेको उनले बताए । सांसद झाले भने, 'शब्दहरू निर्जीव हुन्छन् तर तिनै निर्जीव शब्द जब कुनै कुशल वक्ताका अधरबाट प्रवाहित हुने सौभाग्य प्राप्त गर्छन्, अनि ती शब्दहरू निर्जीव रहँदैनन्, सजीव भएर स्रोताका मन र मुटुमा सल्बलाउन थाल्छन् ।'
समारोहमा वरिष्ठ अधिवक्ता एवम् पूर्व सांसद खिमलाल देवकोटाले संसद र सहमतिमा संसदको भूमिका, नागरिक संलग्नता र सार्वजनिक वक्तव्य र वन तथा वातावरण विज्ञ डा. अशेश्वर मण्डलले मधेश प्रदेशमा प्राकृतिक स्रोत व्यवस्थापन र नीतिगत सवाल तथा मुद्दाहरु सम्बन्धमा प्रशिक्षण दिएका थिए । समारोहमा युएनडिपी पिएएसपीका विट्टु श्रीवास्तव र सिआइसी जनकपुरधामका अध्यक्ष संजय साह लगायतले आआफनो मन्तव्य राखेका थिए ।

# असुरक्षित गर्भपतन बढ्दो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा असुरक्षित गर्भपतनको संख्या बढ्दो रहेको एक कार्यक्रममा तथ्यांक प्रस्तुत गरिएको छ ।
कृपा संस्थाले सुरक्षित गर्भपतनका विषयमा सञ्चारकर्मीहरुसँग जनकपुरधाममा गरेको अनुशिक्षण कार्यक्रममा मधेश प्रदेशभरिमा सुरक्षित गर्भपतन गर्न १ सय ७१ संस्था भए पनि अहिले पनि दैनिकरुपमा असुरक्षित तरिकाले गर्भपतन हुनु चिन्ताको विषय भएको विज्ञहरुले बताए । खास गरेर सीमावर्ती भारतीय बजार तथा गाउँमा रहेका क्वेकहरुले औषधी प्रयोग गरेर गर्भपतन गराउने काम गरिरहेका छन् । यसलाई कसरी रोक्न सकिन्छ यस विषयमा सरोकारवाला निकाय गम्भीर हुन आवश्यक रहेको छ । असुरक्षित गर्भपतनका कारणले कतिपयलाई अत्यधिक रक्तस्रावका कारणले ज्यान नै जाने गरेको घटना भएका छन् । सुरक्षित गर्भपतनका लागि रहेका संस्थामा गोपनीयता पनि राख्ने र सुरक्षित गर्भपतन गराउनेको स्वास्थ्यमा पनि असर नपार्ने भएकाले ती संस्थाहरुमा मात्र गर्नका लागि विज्ञहरुले आग्रह गरेका छन् ।
खास गरेर मधेश प्रदेशका जिल्लामहरुमा चेतनाको अभावले सुरक्षित भन्दा पनि असुरक्षित गर्भपतन गराउनेको संख्या उल्लेख्य रहेको अनुमान गरिइएको छ । १२ हप्तासम्मको गर्भपतन गराउनका लागि मधेश प्रदेशमा १ सय ६६ वटा संस्था छ भने १२ हप्ता भन्दा माथिको गर्भपतन गराउने स्वास्थ्य संस्थाको संख्या ५ वटा छन् । १२ हप्तासम्मका गर्भपतनका लागि १ सय ५५ सार्वजनिक संस्था रहेको छ भने १ वटा आइएनजीओ र ७ वटा निजी संस्था छन् । यसैगरी १२ हप्ताभन्दा माथिको गर्भपतन गराउने ५ वटै स्वास्थ्य संस्था सार्वजनिक छन् । यसका बाबजूद पनि सुरक्षित गर्भपतन गराउनेको संख्यामा थोरै रहेको छ । मधेश प्रदेशको धनुषा तथा पर्सा जिल्लामा गर्भको भिडियो एक्सरेबाट परीक्षण गरेर गर्भपतन गराउने गरेका कारण अहिले यी दुई जिल्लामा छोरा भन्दा कम जनसंख्या छोरीको रहेको र सामाजिक असन्तुलन निम्त्याउने काम भएको मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. मुक्तिनारायण साहले जानकारी दिए । लिंगको परीक्षण गरेर गर्भपतन गराउन नमिल्ने कानुन भए पनि यसको प्रभावकारी कार्यान्वयन नभएको डा. साहले बताए । मधेश प्रदेशका स्वास्थ्य निर्देशनालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक श्रवण नायकले सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाउन आफूहरुले गृहकार्य गरे पनि जनशक्तिको समस्या भएको बताए । नरसिंह प्रशासक डा. सुनिता गुप्ताले जनशक्तिको अभावले प्रादेशिक अस्पतालमा राम्रो सेवा दिन नसकेको बताइन् । वरिष्ठ सञ्चारकर्मी डा. उद्धव पुरीले सुरक्षित गर्भपतनको क्षेत्रमा सञ्चार जगतले खेल्नु पर्ने भूमिका तथा शब्द एवम् फोटोको प्रयोगको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।


# मधेश विश्वविद्यालय

वीरगंज, पर्सा

कानून तथा जनप्रशासन संकाय

**बि.ए.एल.एल.बी. र बि.पि.ए.एम (Bachelor in Public Administration & Management)**
**प्रथम वर्ष शैक्षिक सत्र २०८०/८१ मा भर्नाका लागि प्रवेश परीक्षा फाराम भर्ने सम्बन्धी सूचना**

यस मधेश विश्वविद्यालय, कानून तथा जनप्रशासन संकाय कार्यालयबाट शैक्षिक सत्र २०८०।०८१ का लागि संचालन हुने पाँच वर्षे स्नातक तह बि.ए.एल.एल.बी. र चार वर्षे बि.पि.ए.एम (Bachelor in Public Administration & Management) प्रथम वर्षमा यस संकाय अन्तर्गत स्नातक तहको कार्यक्रमहरु (अर्ध वार्षिक परीक्षा प्रणालीमा) संचालन हुन गइरहेको स्कुल अफ ल क्याम्पसका लागि ११० सिट र स्कुल अफ आर्टस क्याम्पसको लागि ५५ सिट संख्यामा नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा लिई परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरूबाट योग्यताक्रमका आधारमा भर्ना गर्नका लागि प्रवेश परीक्षा फाराम भर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १. | आवेदन फाराम वितरण र दर्ता | २०८० साल भाद्र १ गते शुक्रबारदेखि २०८० साल भाद्र १५ गते शुक्रबार सम्म । |
| २. | फाराम उपलब्ध हुने तथा बुझाउने स्थान तथा समय | दरखास्त फाराम यस मधेश विश्वविद्यालयको केन्द्रीय कार्यालय, नेशनल ट्रेडिङ्ग, बीरगंज, पर्साबाट प्राप्त हुनेछ । बिहान ११:०० बजे देखि ३:०० बजे सम्म । |
| ३. | प्रवेश परीक्षा फाराम तथा प्रवेश परीक्षा दस्तुर | रू. १०००।– (अक्षरुपी एक हजार मात्र।) |
| ४. | प्रवेश परीक्षा शुल्क बुझाउने विधि र स्थान | नगद रसिद कार्यालयमा आएर तिर्नुपर्ने । |
| ५. | प्रवेश परीक्षा | २०८० भाद्र २३ गते शनिबार दिउँसो २:०० बजेदेखि ४:०० बजेसम्म |
| ६. | प्रवेश परीक्षा केन्द्र | पछि प्रकाशन गरिनेछ । |
| ७. | प्रवेश परीक्षामा आवेदन गर्न आवश्यक शैक्षिक योग्यता | नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता (+2) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेकोले मात्र आवेदन भर्न पाउनेछ । तर कानूनमा स्नातक गरि सकेका विद्यार्थीले आवेदन भर्न पाउने छैन । |
| ८. | प्रवेश परीक्षाको किसिम | लिखित र अन्तर्वार्ता |
| ९. | प्रवेश परीक्षामा तपसील बमोजिमका विषयवस्तु मध्येबाट प्रश्न सोधिने छ । | BALLB: - 1. General Principles of Law & General Concept of Law 2. Constitutional Law & Human Rights 3. Civil & Criminal Law<br>BPAM: - 1. General Principles of Public Administration and General Concept of Governance. 2. Governance practices in Nepal. 3. Research and Basic Economics. 4. ICT and Writing Skill. |
| १० | प्रश्नको प्रकृति : BALLB<br>➢ प्रति प्रश्न १ अंक भारका २५ वटा वस्तुगत प्रश्नको उत्तर दिनु पर्नेछ । २५ पूर्णाङ्कको हुनेछ ।<br>➢ प्रति प्रश्न १० अंक भारका ३ वटा विषयगत लामो प्रश्नको उत्तर दिनु पर्नेछ । ३० पूर्णाङ्कको हुनेछ ।<br>➢ प्रति प्रश्न ५ अंक भारका ५ वटा विषयगत छोटो प्रश्नको उत्तर दिनु पर्नेछ । २५ पूर्णाङ्कको हुनेछ ।<br>➢ मौखिक परीक्षा २० पूर्णाङ्कको हुनेछ ।<br>BPAM<br>➢ प्रति प्रश्न १ अंक भारका २०वटा वस्तुगत प्रश्नको उत्तर दिनु पर्नेछ । २० पूर्णाङ्कको हुनेछ ।<br>➢ प्रति प्रश्न २० अंक भारका २ वटा विषयगत लामो प्रश्नको उत्तर दिनु पर्नेछ । ४० पूर्णाङ्कको हुनेछ ।<br>➢ प्रति प्रश्न ५ अंक भारका ४ वटा विषयगत छोटो प्रश्नको उत्तर दिनु पर्नेछ । २० पूर्णाङ्कको हुनेछ ।<br>➢ मौखिक परीक्षा २० पूर्णाङ्कको हुनेछ । | |

११. आवेदन फाराम बुझाउँदा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
➢ प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्र, एक/एक प्रति प्रतिलिपि ।
➢ नेपाल बाहेक स्वदेशी वा विदेशी शिक्षण संस्थाहरुबाट अध्ययन गरेको विद्यार्थीलाई समकक्षता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्ने हुनेछ ।
➢ हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३(तीन) प्रति ।

१२. प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा कानून तथा जनप्रशासन संकायको डीन कार्यालयको निर्णय अन्तिम हुनेछ ।

(कानून तथा जनप्रशासन संकाय)
डीन

# मिलेन बिआइटी सञ्चालकहरुको विवाद
# विद्यार्थीहरु अन्यौलमा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज इन्स्टिच्युट अफ टेक्नोलोजी (बिआइटी)का सञ्चालकहरुको विवाद नसल्टिँदा विद्यार्थीको भविष्य के हुने भन्ने अन्यौलता छाएको छ । सञ्चालकहरुको विवादका कारण कलेजले भर्ना खोले पनि विद्यार्थीहरुको आकर्षण कम देखिएको अवस्थामा तत्काल सञ्चालकलाई विवाद मिलाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले दिएको अल्टिमेटम पनि गुज्रिएको छ । सञ्चालकहरु भने सहमतिमा आउनु पर्नेमा अरु विवादमा मुछिएका छन् ।

सिभिल इन्जिनिरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक इन्जिनियरिङ र मेकानिकल इन्जिनियरिङको पढाइ हुने कलेजमा प्रत्येक विधामा ४८ विद्यार्थी अध्ययन गर्ने कोटा छ । पाँच विद्यार्थीलाई छात्रवृत्ति दिइनु पर्छ भने एक विद्यार्थीले कम्तीमा एक लाख रुपैयाँ सालको फि बुझाउँछन् । यसरी हिसाब गर्दा सालभरमा २ करोड १५ लाख रुपैयाँ विद्यार्थीबाट पाउने कलेजका सञ्चालकहरुको सम्पत्ति विवादले भर्ना नै प्रभावित हुन पुगेको छ ।

परिषद्ले साउन २८ गतेभित्र शेयरधनीको विवाद सुल्झाएर सम्पर्कमा आउन भने पनि विवाद बरु अदालतमा पुग्दा समस्या भएको छ । अर्कातिर परिषद्ले साउन २८ गतेभित्र विवाद समाधान नभए आर्थिक वर्ष २०८०÷८१ को भर्ना प्रक्रिया नै स्थगन हुने जनाउँदा पनि सञ्चालक सहमतिमा पुग्न सकेनन् ।

### विवाद
कलेज स्थापनादेखिका सञ्चालक हुन् रामबाबु प्रसाद । उनले आत्मरामप्रसाद साह, कालिका सिंहसँग मिलेर २०५६ सालमा कलेज स्थापना गरेका हुन् ।
आत्मराम शेयर बेचेर बाहिरिए भने २०६३ डा. हरिशंकर प्रसाद साह थपिए । पछि २०६३ मा शेयरधनी बनेर नन्दकिशोर प्रसाद श्रीवास्तव थपिए र बोर्ड अध्यक्ष उनै छन् । रामबाबु प्रसाद, नन्द किशोर सिंह, नवल किशोर सिंह, मनिष सिंह कलेजका सञ्चालक हुन् ।
पछिल्लो ३ वर्षदेखि कलेजमा सम्पत्तिको विवाद देखिएको छ । कलेजमा ३७.१६ प्रतिशत शेयर रहेका रामबाबु पछिल्लो तीन वर्षदेखि आफ्नो शेयर बराबरको रकम लिएर बाहिरिन या बाँकी ६२ प्रतिशत भन्दा बढी शेयर किन्न तयार छन् । तर बाँकी सञ्चालकहरु रामबाबुको प्रस्ताव मानिरहेका छैनन् । दुई वर्षदेखि सञ्चालक रामबाबुलाई कुनै पत्राचार, जानकारी, खबर छैन । यही विषयमा रामबाबु प्रसाद २०७९ पुसमा कम्पनी रजिस्ट्रार कार्यालयमा उजुरी गर्न पुगे । कलेजको शेयर बाँडफाँड, किनबेच या भागवण्डा विवादमै कलेज फसेको हो ।

सञ्चालकहरुको विवाद नमिलेपछि उच्च अदालत पाटन पुगेका सञ्चालकहरुलाई साउन ३२ गते अदालतले बोलाएको थियो । तर विपक्षीमध्येका सञ्जयकुमार साहको नाममा जारी भएको तारेख तामेल नहुँदा सुनुवाइ र छलफल गर्न नमिल्ने भन्दै अदालतले अन्तरिम आदेश दिनका लागि भदौ ४ गते पेशी तोकेको छ । यो बीचमा सञ्चालकहरुको विवाद अरु चुलिँदा कलेजका विद्यार्थीहरुको भविष्य नै अन्धकारमा परेको छ ।

**कलेजको सम्पत्ति**
वीरगंज महानगरमा कलेको १३ कठ्ठा जग्गा छ । अहिलेको बजार भाउ १० लाख रुपैयाँ धुर राख्ने हो भने पनि २६ करोड रुपैयाँ जग्गाको हुन्छ । ५ वटा कार्यक्रम छन् डिप्लोमाका । वर्षमा ४३ जना एउटा कार्यक्रममा पढ्दा एकलाख रुपैयाँदेखि १ लाख २० हजार रुपैयाँसम्म तिर्छन् । कलेजको भवन, अन्य सम्पत्तिको कुरा गर्दा कम्तीमा चार करोड रुपैयाँ मात्र राख्दा पनि ३० करोड रुपैयाँको हिसाब गरेर रामबाबुले आफ्नो हिस्सा मागेका हुन् । बाँकी ६२ प्रतिशत शेयरको १८ करोड रुपैयाँ दिन पनि रामबाबु तयार छन् ।

**के भन्छन् अध्यक्ष ?**
कलेजका अध्यक्ष नन्दकिशोर प्रसाद श्रीवास्तव (नन्दु) सञ्चालक रामबाबु प्रसादले नै विवाद गर्दा समस्या भएको बताउँछन् । उनी भन्छन्, '२ वर्षअगाडि हिसाबकिताब गरेर केही पैसा पनि दिइएको हो, पछि उहाँले पैसा फिर्ता दिनु भयो, ब्याज पनि दिनु भयो तर विवाद समाधान भएन ।' उनले भने, 'सञ्चालकहरुको विवादले कलेज बन्द हुँदा सबैभन्दा बढी मार त उहाँलाई नै पर्छ ।' उनले आफूहरु शेयर बेच्न तयार नभएको र रामबाबुको शेयरको हिसाब तत्काल दिन पनि कठिन रहेको बताए ।

# फेसबुक ह्याक गरेर लाखौँ ठग्ने समातिए



**मधेशदृष्टि**
**वीरगंज ।**
तपाईंका सन्तान काठमाडौँमा के गरिरहेका छन् ? सन्तानले गर्छु भनेको काम गरिरहेको छ कि अरु काम गरिरहेको छ ? कहिल्यै चासो लिने गर्नु भएको छ ? छैन भने चासो लिने गर्नुहोस् । काठमाडौँमा बसेर अरुका ३० वटा फेसबुक आइडी ह्याक गरेर लाखौँ रुपैयाँ ठगी गरेको आरोपमा सिमराका युवा समूह पक्राउ परेका छन् ।
काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले विभिन्न व्यक्तिको ३० वटा फेसबुक आइडी ह्याक गरेर उनीहरुका नजिकका व्यक्तिसँग पैसा उठाएर ठगी गर्ने कार्यमा संलग्न पाँच जनालाई पक्राउ गरेको हो । बारा, जीतपुरसिमरा उपमहानगरपालिका–१७ रामनगर घर भई हाल काठमाडौँ महानगरपालिका नयाँ बसपार्क बस्ने सीमान्त लामा, अमन्त लामा, अनुप श्रेष्ठ, रोहन गुरुङले पोखरा महानगरपालिका–१० घर भई नयाँ बसपार्क बस्ने शुभेक्षा गुरुङलाई पनि साथमा लिएर ठग ि गरेको पाइएको प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले बताए ।
उनका अनुसार पक्राउ परेको समूहले विभिन्न व्यक्तिको ३० वटा फेसबुक आइडी ह्याक गरी त्यसबाट उनीहरुले १४ लाख ५८ हजार रुपैयाँ ठगी गरेको खुलेको तथा हालसम्म २२ जना पीडित काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको सम्पर्कमा आएको बताइएको छ । विभिन्न व्यक्तिका फेसबुक आइडी ह्याक गरेर उनीहरुले म्यासेन्जरबाट म्यासेज गरी इसेवा र खल्तीजस्ता वालेटमा पैसा हाल्न लगाइ ठगी गर्ने गरेका थिए ।
त्यसमा सीमान्तले आइडी ह्याक गर्ने गर्थे भने अमन्तले विभिन्न बहानामा रकम माग गर्ने, शुभेच्छा तथा अनुपको काम भनेको वालेटमा आएको रकम झिक्ने काम रहेको र रोहनले भने उनीहरुलाई सीमकार्ड उपलब्ध गराउने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताए ।
पक्राउ परेकालाई ठगी तथा विद्युतीय कारोबार ऐन २०६३ बमोजिम थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

# नक्कली प्रमाणपत्रधारी एमबिबिएसका विद्यार्थी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा एमबिबिएस पढिरहेका छात्र पक्राउ परेका कछ ।
चितवनको मेडिकल कलेजमा एमबिबिएस पढ्दै गरेका सप्तरी, राजविराज–७ का विद्यार्थीलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बिहीबार राति चितवनबाट पक्राउ गरेको हो । उनी चितवन मेडिकल कलेजमा एमबिबिएसको अन्तिम सेमेष्टरमा पढ्दै थिए । आइएससी पास भएको प्रमाणपत्र नक्कली बनाएको आरोपमा उनलाई पक्राउ गरिएको हो । उनले एमबिबिएस अध्ययनका लागि काठमाडौँको जेभियर इन्टरनेसनल सेकेन्डरी स्कुलबाट आइएस्सी पास भएको प्रमाणपत्र पेश गरेका थिए ।

# वीमा रकमको लोभमा पत्नीको हत्या

**मधेशदृष्टि**
**बारा ।**
वीमा कम्पनीबाट क्षतिपूर्ति रकम लिने लोभमा कलैया उपमहानगरपालिका–२६ का नाथु देवानले पत्नी हत्या गरेको खुलेको छ ।
देवानलाई वीमाबाट मोटो रकम आउने भन्दै उक्साउने र पत्नी हत्या गर्न लगाउने एसियन लाइफ इन्स्यारेन्स कम्पनीका अभिकर्ता नासिर अन्सारी पनि पक्राउ परेका छन् । अर्का एकजना पनि समातिएका छन् ।
देवानले ४० वर्षीया पत्नी हजरा खातुनको नाममा एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड कलैयामा ५० लाख रुपैयाँको जीवन बीमा गराएका थिए । गतवर्ष भदौमा हजाराको मृत्यु भएको थियो । वीमा अभिकर्ता अन्सारीमार्फत उनले खातुनका नाममा २०७८ साल असार २९ गते दोहोरो बीमाङ्क सुविधासहित २५ लाख र २५ लाख गरी ५० लाख रुपैयाँको वीमा गराएका थिए ।
हजाराको गतवर्ष भदौमा मोटरसाइकल दुर्घटनामा मृत्यु भएको भनिएको थियो । सवारी दुर्घटनामा मृत्यु भएको भनी आवश्यक कागजात बनाएर उनले वीमा दावी गरेपछि २०८० साल असारमा बीमा कम्पनीले देवानलाई १ करोड २ लाख ५६ हजार ५ सय ७५ रुपैयाँ क्षतिपूर्ति भुक्तानी गरेको थियो ।
देवानले वीमाबाट रकम बुझिसकेपछि देवान पत्नी हजराको मृत्यु शंकास्पद भएको सूचना पाएको प्रहरीले देवानलाई सोही समयदेखि निगरानीमा राखेको थियो ।
देवानले पत्नीको आफूले नै हत्या गरेर दुर्घटनाको नाटक गरेर वीमा कम्पनीबाट रकम निकालेको भन्दै हिँडेको पाइएपछि प्रहरीले पक्राउ गरेको हो । उनले घाँटीमा सलले बेरेर श्रीमतीको हत्या गरेका थिए ।

# उमेरहद नघटाउन चिकित्सक संघको आग्रह

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल चिकित्सक संघले संघीय निजामति सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा राखिएको उमेर हदसम्बन्धी सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ । सरकारले विधेयक २०७९ को दफा १८ मा उम्मेदवार हुन योग्यतामा पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष उमेर पूरा नभएको मापदण्ड राखेको छ ।
हालै विधेयकमा स्वास्थ्य सेवामा प्रवेश गर्न इच्छुक अधिकृतस्तरका स्वास्थ्यकर्मी तथा चिकित्सकको उमेर हद स्वास्थ्य सेवा ऐन २०५३ मा तोकिएबमोजिम अर्थात् ४५ वर्षसम्म कायम हुनु पर्ने प्रावधानविपरीत विभिन्न प्रदेश लोकसेवा आयोगबाट दरखास्त आह्वान गरिएकोमा संघले आपत्ति जनाएको हो ।
यसले स्वास्थ्य सेवाप्रवाहमा निरन्तर खटिरहेका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई निरुत्साहित बनाएको भन्दै पदपूर्तिसम्बन्धी विज्ञापनमा स्वास्थ्य सेवा ऐनबमोजिम नै उमेर हद कायम रहने व्यवस्था मिलाउन नेपाल सरकारको ध्यानाकर्षण गराएको संघका महासचिव डा.सन्जीव तिवारीद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।
हालै मधेश प्रदेशबाट समेत विज्ञापन प्रकाशित गरिनुले समग्र चिकित्सक शिक्षा तथा स्वास्थ्य सेवामा समर्पित हुने चिकित्सकलाई निरुत्साहित तुल्याएको संघले जनाएको छ । आयोगबाट प्रकाशित विज्ञापन अविलम्ब सच्याई ४५ वर्ष उमेर हद कायम गर्न संघले माग गरेको छ । संघले चिकित्सकको माग समयमा सम्बोधन नगरे कडा कदम चाल्न बाध्य हुने चेतावनी दिएको छ ।

# लोसपाको अध्यक्षमा झा

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक समाजवादी पार्टी पर्साको अध्यक्षमा पुरुषोत्तम लाल झा चयन भएका छन् । शुक्रबार वीररगंजमा भएको विशेष जिल्ला भेलाले झाको अध्यक्षतामा ३१ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको हो । कमिटीमा ३० जना सदस्य रहेका छन् । पदाधिकारी चयन हुन बाँकी रहेको बताइएको छ । लोकतान्त्रिक समाजवादी पार्टी पछिल्लो संसदीय निर्वाचनबाट राष्ट्रिय दलको हैसियत पाउन नसकेपछि नेतृत्व सिथिल भइरहेको बेला पर्सा जिल्ला कमिटिले नयाँ नेतृत्व पाएको हो । संसदीय निर्वाचन २०७९ मा पार्टी हारेपछि जिल्ला कमिटी, प्रदेश, स्थानीय र वडा स्तरीय संगठन निर्माण तथा सुदृढिकरण कार्यमा समेत पार्टी उदासिन रहेको देखिन्छ । पार्टीका नेतृत्व तहका नेताहरुले पनि आजकल सकभर नबोल्ने र बोल्नै परेपनि सिमित मात्र बोल्ने गरेका छन् ।

# पाँच दिनदेखि शर्मा सम्पर्कविहीन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज रेशमकोठीका एक व्यक्ति पाँच दिनदेखि बेपत्ता छन् ।
वीरगंज महानगरपालिका वडा नम्बर ६ का ४६ वर्षीय विशाल कुमार शर्मा साउन २९ गते बिहान ७ बजेदेखि सम्पर्कविहीन भएका हुन् । उनको खोजतलाश गर्न जिल्ला प्रहरी कार्यालय पर्सामा शर्माका भतिजा रविले निवेदन दिएका छन् ।
विशाल २ महिनादेखि परवानीपुरस्थित रिलायबल उद्योगमा कार्यरत थिए । उनले उद्योगमा खाना खान्छु भनेर बिहान ७ बजे घरबाट निस्केर हिडेको परिवारजनले बताए ।
बिहान ९ बजे सम्पर्क गर्दा मोबाइल अफ रहेको र उनी काम गर्ने उद्योगमा समेत नपुगेको सूचना पाएका परिवारजनले त्यसै दिन आफन्त र विशालका साथीकहाँ खोजतलास गरेको बताए ।
जिल्ला प्रहरी कार्यालय पर्सामा काका विशालको खोजतलाश गरिदिन साउन ३० गते निवेदन दिएका थिए ।
उनले प्रयोग गरेको मोबाइलको कलडिटेल हेरेर पत्ता लगाउछु भनेको प्रहरीले मोबाइल फोनको लोकेसन र कल गरेको विवरणसमेत नलिएको शर्माका आफन्तजनले बताए ।

# झालाई सुबोध स्मृति पत्रकारिता पुरस्कार

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतीक दैनिकले हरेक वर्ष प्रदान गर्ने सुबोध सिंह स्मृति पत्रकारिता पुरस्कार वरिष्ठ पत्रकार चन्द्रकिशोर झालाई प्रदान गरेको छ । दिवगंत फोटो पत्रकार सुबोध सिंहको स्मृतिमा स्थापित पत्रकारिता पुरस्कारबाट खोज पत्रकारिता केन्द्रका अध्यक्ष झा पुरस्कृत भएका हुन् ।



वीरगंजबाट प्रकाशित राष्ट्रिय 'क' वर्गको प्रतीक दैनिक पत्रिकाको ३७ औँ वार्षिकोत्सवको अवसरमा झालाई वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह र प्रतीक प्रकाशन दैनिकका प्रधान सम्पादक जगदीश शर्माले संयुक्तरुपमा दोसल्ला ओढाएर ५१ हजार रुपैयाँ राशीको चेक हस्तान्तरण गरे ।
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले २–४ वर्षपछि पुरस्कारको राशी १ लाख रुपैयाँ बनाउने आयोजकको लक्ष्य अर्को वर्षदेखि नै पूरा गर्ने गरी महानगरले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले वीरगंजको पत्रकारितालाई सुधार र विकास गर्दै यहाँका पत्रकारको क्षमता अभिवृद्धि एवम् पत्रकारिताको स्तरोन्नति गरिनुपर्नेमा जोड दिए । साथै उनले महानगरको नेतृत्व गरेदेखि कुनै किसिमका अनियमितता नगरेको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धानलाई आएर छानबिन गर्न चुनौती पनि दिए ।
कार्यक्रममा जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमलगायतको उपस्थिति थियो । प्रतीक दैनिकले संवाददाता जितलाल श्रेष्ठ, मुकेश बस्नेत र धर्मेन्द्र ठाकुरलाई पनि नगद र सम्मानपत्रसहित सम्मानित गरेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन